## परिच्छेद एक : परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा मानिसको नैसर्गिक अधिकार हो । विभिन्न दर्शन प्राप्तिको मार्ग हो, मानव विकासका लागि अपरिहार्य तत्व हो । देश विकासको मूल साँचो हो । व्यक्तित्व विकास र समाजीकरणको प्रमुख साधन हो । शिक्षाले नै मानव जीवनलाई सफल र सार्थक बनाउँछ । शिक्षा औपचारिक तथा अनौपचारिक रूपमा जीवन पर्यन्त चलिरहने प्रक्रिया हो । मानव सभ्यताको विकाससंग संगै शिक्षाको पनि विकास क्रमिक रूपमा हुँदै आएको देखिन्छ । परापूर्व कालमा पनि धर्म गुरु, कुलगुरुबाट गुरुकुल, बोध विहारमा गुरुहरूबाट शिष्यहरूलाई शिक्षा दिइन्थ्यो र सामाजिकीकरण योग्य बनाइन्थ्यो । प्राचीन कालमा शिक्षाको महत्व बारे मानिसमा त्यति ज्ञान नभए पनि आजको परिवेशमा शिक्षा सबैको बहुतै चासोको विषय बनेको छ । शिक्षा विना मानव विकास, देश विकास असम्भव हुने कुरालाई बुझेरै होला सन् १९९० मा थाइल्याण्डको जोम्टिनमा भएको विश्व सम्मेलनले "सबैका लागि शिक्षा" भन्ने नारा दिएको थियो भने सन् २००० मा सेनेगलको डकारमा भएको विश्व सम्मेलनले अनिवार्य निःशुल्क आधारभूत शिक्षा भन्ने नारा अगाडि सारेको छ जसलाई कार्यान्वयन गर्न नेपाल नीतिगत रूपमा लागि परेको छ ।

हाम्रो देशको शिक्षाको ऐतिहासिक पृष्ठिभूमिलाई केलाउँदा गुरुकूल शिक्षालाई नै पहिलो शिक्षा पद्धति मान्न सकिन्छ । परापूर्वकालमा गुरुहरूबाट आफ्नै आश्रममा शिष्यहरूलाई व्यवहारिक सीप प्रदान गरिन्थ्यो र सामाजिकीकरण योग्य बनाइन्थ्यो । नेपालमा शिक्षाको संस्थागत विकास भने वि.सं. १९१० मा जङ्ग बहादुर राणाले आफ्नै छोराछोरीका लागि आफ्नै दरवारमा खोलिएको दरवार स्कुलबाट भएको पाइन्छ । त्यसबेला जङ्ग बहादुरले वेलायतबाट २ जना शिक्षा विद् मि. क्यानिङ्ग र मि. रोस लाई बोलाएर दरवार स्कुल खोली त्यसमा मि. क्यानिङ्ग लाई प्र.अ. र मि. रोस लाई सुपरिवेक्षकको रूपमा नियुक्त गरेका थिए ।

वि.सं. १९९८ मा इन्सपेक्टर अफ स्कुल अफिसको स्थापना भए पछि विद्यालयको निरीक्षण गर्न विद्यालय निरीक्षणको व्यवस्था गरियो (शर्मा, २०५७) ।

वि.स. २००४ सालमा आएर देशलाई ३ विभिन्न शैक्षिक क्षेत्रमा विभाजन गरी विद्यालय निरीक्षण व्यवस्थालाई प्रभावकारी बनाउने प्रयास गरेको पाइन्छ । त्यसै गरी वि.सं. २०१० मा देशलाई ७ वटा शैक्षिक क्षेत्रमा विभाजन गरी प्रत्येक क्षेत्रका लागि २ वटा जोनल इन्सपेक्टर नियुक्त गरी

निरीक्षण गर्ने कार्य गराएको पाइन्छ । त्यस पछिका दिनहरूमा पनि शिक्षण सुधारका लागि गठित आयोग, समितिहरूमा पनि विद्यालय निरीक्षणको विकास र विस्तारका लागि अनेक व्यवस्थाहरू भएको पाइन्छ । यसै क्रममा २०२८ सालको रा.शि.प.को योजनालाई उल्लेखनीय परिवर्तनका रूपमा लिन सकिन्छ । यस योजनाले शिक्षण सिकाइ सुधारमा प्रभावकारीता ल्याउन विद्यालय निरीक्षण प्रणालीलाई महत्वपूर्ण ठानी विद्यालय निरीक्षण गर्न प्रा.वि.का लागि शिक्षा शास्त्र संकाय प्रमाणपत्र तह उतीर्ण वा शिक्षण पेशामा अनुभव प्राप्त व्यक्तिलाई प्राथमिक विद्यालय निरीक्षक पदमा नियुक्त गर्ने परिपाटी अवलम्वन गरियो । त्यसै गरी नि.मा.वि., मा.वि.का लागि शिक्षा शास्त्र संकायमा स्नातक तह उत्तीर्ण गरेको वा शिक्षा पेसामा अनुभव हासिल गरेका व्यक्तिलाई विद्यालय निरीक्षक पदमा नियुक्त गरी विद्यालय सुपरिवेक्षण गराउने कार्य भयो । उपरोक्त नीति अनुसार नै प्राथमिक विद्यालय निरीक्षक, निम्न माध्यमिक विद्यालय निरीक्षक र माध्यमिक विद्यालय निरीक्षक नियुक्त भई कार्य भएका थिए भने वि.स. २०३० सालमा आएर निम्न माध्यमिक विद्यालय निरीक्षक पद खारेज गरिएको र माध्यमिक विद्यालय निरीक्षक पद कायमै रहेका थिए (शर्मा, २०५७) ।

शिक्षालाई गुणात्मक, व्यवहारिक जीवनोपयोगी, प्रतिस्पर्धी उपलब्धिमूलक, उद्देश्यपूर्ण बनाउन खासगरी प्रजातन्त्र प्राप्ति पछिका दिनहरूमा निकै प्रयास गरिए । विद्यालयहरूको स्थापना, भवन, निःशुल्क पढाई, शिक्षक निर्देशिका, शिक्षकलाई तालिम, पोशाक, खाजा, शैक्षिक भ्रमण (देशी, विदेशी रूपमा) शैक्षिक संस्था इत्यादिको व्यवस्था गरिए । यी सबै हुँदा हुँदै पनि शिक्षा गुणात्मक, व्यवहारिक, उपलब्धिमूलक, उद्देश्यपूर्ण प्रतिस्पर्धी बन्न सकेनन् । सिकाइ उपलब्धिमा अपेक्षाकृत वृद्धि हुन सकेन । यसका प्रमुख कारण विद्यालयहरूका स्थानीय आवश्यकता, समस्याहरूको पहिचान गरी त्यसको सम्बोधन, सुपरिवेक्षण, त्यसमा सहजीकरण र प्रभावकारी निरीक्षण तथा सुपरिवेक्षण नहुनुलाई ठहऱ्याइ विद्यालय निरीक्षण तथा सुपरिवेक्षण प्रणालीलाई व्यापक तथा प्रभावकारी बनाउन वि.सं. २०३८/०३९ सालमा ग्रामिण विकासका लागि सेती परियोजनाको स्थापना भई स्रोतकेन्द्रको अवधारणाको विकास भई स्रोतकेन्द्र मार्फत विद्यालयहरूको निरीक्षण तथा सुपरिवेक्षण गर्ने काम सुरु भयो ।

सेती परियोजनाबाट स्रोतकेन्द्र मार्फत संचालित विद्यालय सुपरिवेक्षण कार्यले शिक्षण सिकाइमा सुधार ल्याएको हुनाले निरीक्षण/सुपरिवेक्षण कार्यलाई अझ व्यापक, प्रभावकारी बनाउन सघन रूपमा सुपरिवेक्षण गराउन गुणात्मक शिक्षा र भौतिक विस्तार गर्न वि.सं. २०४९ सालमा प्रथम चरणमा प्रयोगको रूपमा ४० जिल्लाहरूमा आधारभूत तथा प्राथमिक शिक्षा परियोजना लागू गरियो

। त्यसपछि २०५६/०५७ मा दोस्रो चरणमा र २०६१/०६२ मा तेस्रो चरणमा “सबैका लागि शिक्षा” कार्यक्रम लक्ष्यलाई हाल “विद्यालय क्षेत्र सुधार कार्यक्रमको” राष्ट्रिय लक्ष्यलाई पूरा गर्ने लक्ष्य लिई अघि बढेको पाइन्छ (शिक्षा मन्त्रालय, २०६७) ।

शिक्षकहरू इन्सपेक्टरदेखि डराउने गर्दछन् किन भने यो हाम्रो मद्दत गर्न आएको होइन, दोष देखाउन आएको हो भन्ने उनीहरूलाई थाहा छ, शिक्षकको सहायता गर्ने मानिसका रूपमा इन्सपेक्टर शब्द भन्दा निरीक्षक शब्द अलिकति बेश हो र नाम जे सुकै होस निरीक्षकको मुख्य काम सल्लाहकारको हो (नेपाल राष्ट्रिय शिक्षा आयोग, २०११) ।

त्यसैगरी शिक्षामा सुधार ल्याउन गठित सर्वाङ्गिण राष्ट्रिय शिक्षा समिति २०१८ ले शिक्षा निरीक्षकहरूले विद्यालयको वास्तविक परिस्थितिको ज्ञान प्राप्त गर्ने संचालक समिति, प्रधानाध्यापक र अध्यापकहरूसंग शिक्षालयबारे छलफल गरी कठिनाइ हटाउन सकभर प्रयत्न गर्ने र कक्षा-कक्षामा गई पढाइ जाँच्ने जस्ता कार्य कर्तव्य शिक्षा निरीक्षकको तोकी निरीक्षण प्रणालीलाई प्रभावकारी बनाउन खोजेको हो (सर्वाङ्गिण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन, २०१८) ।

विद्यालय निरीक्षणलाई विद्यालयको भौतिक साधन, शिक्षकहरूको पर्याप्तता र उपयोगको निरीक्षण गर्ने र भैरहेको पढाइको स्तरको मूल्याङ्कन गर्ने गरी २ भागमा विभाजन गरी प्रा.वि.नि., नि.मा.वि.नि., मा.वि.नि., निरीक्षकहरूको व्यवस्था, निरीक्षकहरू प्राविधिक हुने, कमीतमा वर्षको २ पटक विद्यालय निरीक्षण हुनु पर्ने, प्रा.वि.नि. का लागि आई.एड., नि.मा.वि.नि. र मा.वि.नि.का लागि वी.एड.को योग्यता हुनुपर्ने, विद्यार्थीको मूल्याङ्कन स्तरयुक्त प्रश्नहरूद्वारा गरिने, व्यवसायिक शिक्षाका लागि छुट्टै निरीक्षक हुने भनी तोकी पहिलो पल्ट निरीक्षण प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउने काम रा.शि.प.को योजनाले गरेको पाइन्छ (राष्ट्रिय शिक्षा पद्धति योजना, २०२८-२०३२) ।

शिक्षामा गुणात्मक सुधार नहुनुको प्रमुख कारण विद्यालयहरूको स्थानीय आवश्यकताको पहिचान, सम्बोधन र त्यसको वि.नि.बाट कक्षाकोठामा सहजीकरण नहुनुलाई ठहऱ्याई २०३८ सालमा ग्रामिण विकासका लागि सेती परियोजना सेती अञ्चलका ५ जिल्लामा लागू भई विद्यालयहरूलाई समूहमा विभाजन गरी स्रोतकेन्द्रको स्थापना गरी स्रोतकेन्द्र स्तरीय रूपमा विद्यालय निरीक्षण तथा सुपरिवेक्षण गर्ने काम शुरू गरियो (ग्रामिण विकासका लागि सेती परियोजना, २०३८/०३९) ।

बहुदलीय प्रजातन्त्रको स्थापना पश्चात् गठित राष्ट्रिय शिक्षा आयोग प्रतिवेदन २०४९ ले विद्यालय निरीक्षण प्रणालीलाई अझ प्रभावकारी तथा सुदृढ बनाउन जिल्ला स्तरमा विद्यालय निरीक्षण

विद्यालयहरूको समूह (स्कुल कलस्टर) अवधारणा अगाडि सारी निरीक्षक सम्बन्धित क्षेत्रमा नै बस्नु पर्ने नीति अवलम्वन गरेको पाइन्छ (राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९) ।

त्यसै गरी २०५५ सालमा गठित उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगमा २०५५ ले विद्यालय स्तरीय शैक्षणिक क्रियाकलापलाई प्रभावकारी बनाउन विद्यालय निरीक्षकको भूमिका महत्वपूर्ण हुने भएको महशुस गरी शिक्षाशास्त्रमा स्नातकोत्तर (एम.एड.) उत्तीर्ण गरेका र कमीतमा १० वर्ष शिक्षण अनुभव भएका व्यक्तिलाई मात्र निरीक्षक पदमा नियुक्त गर्ने भनी सिफारिस गरेको पाइन्छ (उच्च राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०५५) ।

विष्ट (२०५६) द्वारा **विद्यालय सुपरिवेक्षण समस्या** नामक लेखमा उल्लेख भएका सुपरिवेक्षणका मुख्य समस्याहरू यस प्रकार छन् -

क. विद्यालय निरीक्षकहरूलाई सवारी साधन यातायात साधन व्यवस्थाको अभाव छ ।

ख. शिक्षक र विद्यालयको संख्याको अनुपात वढी छ ।

ग. फिल्डमा खान र बस्नको सुविधा छैन ।

घ. फिल्ड भत्ता न्यून छ ।

विष्टका अनुसार विद्यालय निरीक्षकको काम कर्तव्यहरू निम्नानुसार हुनुपर्ने भनी उल्लेख गरिएको छ ।

क. विद्यालयहरू नियमित र नियमपूर्व चले नचलेको अनुगमन गर्नुपर्छ ।

ख. विद्यालय निरीक्षकले तोकिएको विद्यालयहरूको नियमित रुपमा निरीक्षण तथा सुपरिवक्षण कार्य गर्नु पर्दछ ।

ग. विद्यालयको शैक्षिक भौतिक, आर्थिक पक्षको मूल्याङ्कन गर्नु पर्दछ ।

घ. वि.नि. ले मासिक प्रगति विवरण बनाएर जि.शि.अ. समक्ष पेश गरी सोही अनुसार काम गर्नु पर्दछ ।

ङ. शिक्षकहरूको भेला, मिटिङ्ग समयमा गराई शिक्षण सिकाइमा आइपरेका समस्याहरू समाधान गर्नुपर्दछ ।

च. शिक्षकहरूको कामको मूल्याङ्कन गर्नुपर्दछ ।

छ. विद्यालय व्यवस्थापन समिति, प्र.अ. र शिक्षकलाई आवश्यक निर्देशन र सल्लाह प्रदान गर्नु पर्दछ ।

लामिछाने (२०६९) द्वारा प्रस्तुत **उच्च सिकाइ उपलब्धि कसरी हासिल गर्ने** ? शीर्षकको लेख अनुसार शिक्षकले सिकाइ गरेका विषयवस्तु, ज्ञान सीप तथा धारणा जति जति व्यवहारिक हुन्छ, विद्यार्थीको जीवनसंग सम्बन्धित हुन्छ, जीवनपयोगी हुन्छ विद्यार्थी त्यति नै धेरै सिक्न जागरुक तथा उत्साही हुन्छन् । विद्यार्थीहरूलाई यस्ता ज्ञान सीप सिकाउने काम शिक्षकको हो । यसका लागि शिक्षकले उपयुक्त शिक्षण विधि प्रविधिहरूको प्रयोग गरी सिकाइलाई प्रभावकारी बनाउनु पर्छ भन्ने निष्कर्ष निकालेकाले यस लेखले अनुसन्धानको उद्देश्य पूरा गर्न सहयोग गरेकाले यस अनुसन्धानमा पुनरावलोकन गरिएको छ ।

आज गुणात्मक र प्रतिस्पर्धी शिक्षाको आवश्यकता सबैले महसुस गरेको अवस्थामा विद्यालय व्यवस्थापन कार्यलाई चुस्त, दुरुस्त एवम् प्रभावकारी बनाउनुपर्ने देखिन्छ । जबसम्म विद्यालय व्यवस्थापन प्रभावकारी हुँदैन, तबसम्म गुणात्मक शिक्षाको कल्पना गर्न सकिदैन । विद्यालय व्यवस्थापन प्रभावकारी बनाउने जिम्मा शिक्षासँग सम्बन्धित सबै सरोकारवालाहरू प्र.अ., वि.व्य.स. शिक्षक अभिभावक संघ, अभिभावक, विद्यार्थी, शिक्षक, संघ, संस्था तथा अन्य सरोकारवालाहरूको रहेको छ र यी सबैलाई प्रभावकारी व्यवस्थापनको लागि आवश्यक सहजीकरण गर्ने काम विद्यालय निरीक्षणको हो । विद्यालय निरीक्षण प्रभावकारी विद्यालय व्यवस्थापन गर्ने ससक्त माध्यम हो । जसले विद्यालयको सम्बन्धित सबै सरोकारबाला प्र.अ. वि.व्य.स., शिक्षक अभिभावक संघ, अभिभावक विद्यार्थी, शिक्षक, संघ, संस्था, मन्त्रालय तथा अन्य सरोकारवालाहरूसंग सहकार्य गर्छ, सम्बन्ध राख्छ, सुझाव प्रदान गर्छ र प्रभावकारी व्यवस्थापन लागि आवश्यक सहजीकरण गर्ने काम विद्यालय निरीक्षकले गर्दछ । विद्यालय निरीक्षण प्रभावकारी विद्यालय व्यवस्थापन गर्ने अगुवा कार्य हो यसले विद्यालयको आँखाको काम गर्दछ । तर आज विद्यालय निरीक्षकको महत्व महसुस गराउन नसक्नु नै प्रमुख समस्या रहेको छ ।

प्रभावकारी विद्यालय व्यवस्थापन गर्न, शैक्षिक उपलब्धि बढाउन, गुणात्मक तथा प्रतिस्पर्धी शिक्षाका लागि शिक्षक, प्र.अ.को क्षमता अभिवृद्धि गर्न तालिमको व्यवस्था गरेको पाइन्छ, प्रभावकारी शिक्षणका लागि शिक्षकको पेशागत विकासको व्यवस्था, विद्यालय व्यवस्थापन समितिको व्यवस्थापकीय क्षमता विकासका लागि तालिम गोष्ठीको आयोजना गरेको पाइन्छ, विद्यालयहरूमा स्रोतकेन्द्र स्तरमा वि.नि. तथा स्रोतव्यक्तिबाट सुपरिवेक्षण, निरीक्षणको व्यवस्था गरिएको छ, साथै विभिन्न सरोकारवालाहरू पनि शिक्षण सिकाइ प्रभावकारी बनाउने उपायमा संलग्न देखिन्छन्, तर पनि शिक्षाको गुणात्मक विकास हुन सकेको छैन जसको मुख्य कारण विद्यालय निरीक्षणको प्रभावकारी कार्यान्वयनको कमी हुनु हो । यस शोधपत्रमा विद्यालय निरीक्षणसंग सम्बन्धित विषयवस्तुमा केन्द्रित भई विद्यालय निरीक्षणसंग सम्बन्धित समस्याहरूको पहिचान गरी त्यसका समाधानका उपायहरू पत्ता लगाउने, सुझाव दिने तथा निस्कर्ष निकाल्ने प्रयास गरिएको छ ।

नेपालमा आधुनिक शिक्षाको सुरुवात संगसंगै शिक्षण सिकाइलाई प्रभावकारी बनाउन विद्यालय निरीक्षणलाई महत्वपूर्ण स्थान दिएको देखिन्छ । वि.स. १९९८ मा इन्स्पेक्टर अफ स्कुल अफिसको स्थापना पश्चात् जति वटा आयोग तथा समितिहरू स्थापना भए, गठन भए सबैमा विद्यालय निरीक्षणलाई उच्च महत्व दिएको पाइन्छ । खास गरी विद्यालय शिक्षालाई गुणात्मक तथा प्रभावकारी बनाउन व्यवस्थित बनाउन शिक्षा ऐन २०२८ संशोधन सहित २०६६ शिक्षा नियामवली २०६७ को छैठौ संशोधन सहितको व्यवस्था गरेको छ । जसमा विद्यालय निरीक्षकको काम कर्तव्य, तथा अधिकारको बारेमा उल्लेख गरिए अनुसार विद्यालय निरीक्षकले आफुलाई निरीक्षण तथा सुपरिवेक्षण गर्न तोकिएका विद्यामलयहरूमा प्रत्येक महिनामा कमीतमा १ पटक विद्यालय निरीक्षण तथा सुपरिवेक्षण गर्ने गराउने र त्यसरी निरीक्षण तथा सुपरिवेक्षण गर्ने क्रममा प्रधानाध्यापक र व्यवस्थापन समितिसंग छलफल गरी छलफल भएका कुरा र निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धी कुराहरू व्यहोराहरू विद्यालय निरीक्षण पुस्तिकामा जनाउने तथा जनाउन लगाउने भनिएको छ ।

त्यसैगरी ऐन नियम बमोजिम विद्यालय नियमित रुपमा संचालन भए नभएको, विद्यालयमा भौतिक साधन, शिक्षक, विद्यार्थी भए नभएको, उपलब्ध साधन स्रोतको सही प्रयोग तथा परिचालन भए नभएको, पाठ्यक्रम अनुसार पठन पाठन भए नभएको, कक्षा शिक्षण प्रभावकारी भए नभएको, वि.व्य.स., शिक्षक अभिभावक संघसंग विचार विर्मस गरी प्रभावकारी शिक्षणका लागि मार्ग निर्देश गर्ने तथा सुधार गर्न लगाउने भनिएको छ । साथै विद्यालय निरीक्षकले विद्यालय निरीक्षण सम्बन्धी प्रतिवेदन प्रत्येक महिना गाउँ शिक्षा समिति, नगरपालिका र जिल्ला शिक्षा अधिकारी समक्ष पठाउने,

नमुना शिक्षण गर्ने, समय समयमा प्र.अ. शिक्षकको बैठक बोलाई शिक्षण सिकाइ बारे छलफल गर्ने तथा समस्या समाधान गर्ने, पृष्ठपोषण दिने, विद्यालय विकासका लागि वि.व्य.स., शिक्षक अभिभावक संघ तथा स्थानीय शिक्षा प्रेमी, अभिभावक तथा सरोकारवालाहरूसंग सम्पर्क, छलफल, सल्लाह तथा अन्तरक्रिया गर्ने र शिक्षामा सुधार ल्याउने जस्ता कार्य गर्ने भनी तोकिएको छ । यसरी विद्यालयको शैक्षिक, भौतिक, आर्थिक सम्पूर्ण पक्ष, क्षेत्रको विकासका लागि विद्यालय निरीक्षणलाई एउटा प्रमुख शैक्षिक साधन तथा सहजीकरणका रुपमा स्थापित गर्न खोजिएको छ ।

निरीक्षण प्रणालीलाई शैक्षिक विकासको मेरुदण्डका रुपमा मानिन्छ । निरीक्षण प्रणालीलाई समय सापेक्ष बनाउन सकेमा नियमित, जवाफदेही र प्रभावकारी निरीक्षण तथा सुपरिवेक्षण हुन सकेमा शिक्षाको गुणस्तरमा वृद्धि हुन सक्ने भएकाले प्रस्तुत पृष्ठभूमिलाई आधार मानी प्रभावकारी शिक्षण सिकाइमा विद्यालय निरीक्षण शीर्षकलाई छनोट गरिएको हो ।

### १.२ समस्याको कथन

नेपालमा वि.स. १९९८ बाट विधिवत रुपमा इन्स्पेक्टर अफ स्कुल अफिसको स्थापना पछि विद्यालय निरीक्षण प्रणालीको शुरुवात भए पनि प्रारम्भिक कालमा निरीक्षण प्रणाली प्रशासनिक रुपमा रहेको थियो भने आज यसको मान्यतामा परिवर्तन भई सुपरिवेक्षणका रुपमा अघि बढेको छ । निरीक्षण प्रशासनिकबाट प्राविधिक भएको छ ।

आजको निरीक्षण भनेको शिक्षकको कक्षा अवलोकन गरी शिक्षकको शिक्षण सिकाइ प्रक्रियामा आइपरेका समस्याहरूको समाधान गरी शिक्षण सिकाइमा सुधार ल्याउनु हो । शिक्षकलाई प्रभावकारी शिक्षणका लागि प्रेरणा प्रदान गर्नु, हौसला प्रदान गर्नु, उपाय तरीका बताउनु, कार्यमूलक अनुसन्धान, परियोजना कार्य, अवस्था अध्ययन जस्ता रचनात्मक कार्यमा लगाउनु हो । शिक्षकलाई शिक्षण पेसा प्रति जिम्मेवार बनाउनु हो, उत्सुक जागरुक लगनशील नियमित बनाउनु हो । शिक्षक विद्यार्थी प्र.अ. अभिभावक तथा सरोकारवाला संग सरसल्लाह छलफल एवम् अन्तरक्रिया गरी समन्वय गराउनु हो, तर आज शिक्षकहरूमा पेशागत जिम्मेवारी घट्दै गएको छ । शिक्षकहरूमा नियमिततामा, लगनशीलता, जवाफदेहीतामा, जाँगर तथा उत्साहमा कमी देखिन्छ । एकातिर शिक्षकहरूमा पेसाप्रतिको जवाफदेहीता, लगनशीलतामा कमी आएको देखिन्छ भने अर्को तिर विद्यालय निरीक्षण कार्य पनि नियमित छैनन् । निरीक्षण कार्य कम भएको देखिन्छ । त्यसमा पनि निरीक्षण प्रशासनिक रुपमा केन्द्रित भएको देखिन्छ । जब कि निरीक्षकले कक्षा अवलोकन गरी

शिक्षकको समस्या पहिचान गरी प्रभावकारी शिक्षणका लागि शिक्षकलाई विभिन्न शिक्षण विधि, प्रविधि, रणनीति, कलाकौशलका बारेमा ज्ञान गराई दक्ष तथा सिपालु बनाउनु पर्दछ। शिक्षकमा पेशागत क्षमता तथा दक्षता वृद्धि गर्नुपर्दछ।

निरीक्षण कार्य सुपरिवेक्षण उन्मुख हुनुपर्छ। निरीक्षकले समग्र शैक्षिक उन्नति प्रगति उन्मुख हुनु पर्दछ। शिक्षक, विद्यार्थी, अभिभावक, वि.व्य.स., शिक्षक अभिभावक संघ तथा अन्य सरोकारवालाहरूसंग सहकार्य र सम्बन्ध कायम गरी सहजीकरण गर्नु निरीक्षणको प्रमुख उद्देश्य हुन्छ। विद्यालय निरीक्षणले शिक्षकहरूको शिक्षण सिकाइ समस्याको पहिचान गरी प्रभावकारी शिक्षणका लागि शिक्षकलाई मदत गर्दछ, सहजीकरण गर्दछ। शिक्षकलाई कार्यमूलक अनुसन्धान, अवस्था अध्ययन, परियोजना कार्य जस्ता अनुसन्धानात्मक तथा रचनात्मक कार्य गर्न सिपालु बनाई सिकाइ उपलब्धिमा वृद्धि ल्याउन महत्वपूर्ण भूमिक खेल्नु पर्दछ। साथै प्र.अ., वि.व्य.स., अभिभावक, शि.अ. संघ तथा अन्य सरोकारवालाहरूसंग सम्बन्ध स्थापित गरी सहकार्य गरी उनीहरूको व्यवस्थापकीय क्षमता वृद्धि गर्ने कार्य पनि विद्यालय निरीक्षकले गर्नु पर्दछ।

विद्यालयको समग्र पक्षको मूल्याङ्कन गरी आवश्यक सहयोगका लागि प्राथमिकताको आधारमा जि.शि.का. तथा अन्य सम्बन्धित निकायमा सिफारिस गर्ने कार्य पनि विद्यालय निरीक्षकले गर्नु पर्दछ तर आज निरीक्षण प्रभावहीन हुँदै गएको छ। विद्यालय निरीक्षण नाम मात्रको हुने गरेको छ। निरीक्षणको अभावको कारणले गर्दा शिक्षकहरूको पेसागत समस्याको पहिचान, सम्बोधन र सहजीकरण हुन पाउँदैन फलस्वरुप विद्यार्थी सिकाइ उपलब्धि खस्किदै गएको छ। विद्यालय व्यवस्थापन चुस्त, दुरुस्त र प्रभावकारी हुन पाएको छैन। विद्यालयको भैतिक, आर्थिक, शैक्षिक गतिविधि अपेक्षाकृत रुपमा लगानीको दृष्टिकोणले अघि बढिरहेको छैन। विद्यालयहरू व्यवस्थित हुनुको सट्टा अव्यवस्थित हुँदै गएको छ। परीक्षा पद्धति फितलो हुदै गएको छ। शिक्षक, प्र.अ., वि.व्य.स., शि.अ.संघ र अभिभावक वीच सुसम्बन्धको सट्टा द्वन्द्व बढेको छ, विद्यालयमा राजनैतिक हस्तक्षेप बढदै गएको छ। शिक्षकको पेशागत असुरक्षा बढदै गएको छ। शिक्षक तथा शैक्षिक संस्था सानो कामका लागि पनि जि.सि.का. धाउने गर्दछन्। तसर्थ समग्र शैक्षिक सुधारका लागि निरीक्षण प्रणालीमा नियमितता, व्यापकता र प्रभावकारीता ल्याउनु पर्छ। निरीक्षण प्रतिबेदनलाई कार्यन्वय गर्नु पर्छ। आज विद्यालय निरीक्षण कार्य व्यवस्थित र प्रभावकारी ढङ्गले भइ नरहेकाले यस शोधपत्रमा प्रभावकारी शिक्षण सिकाइमा विद्यालय निरीक्षणलाई समस्याको कथनका रुपमा उठान गरिएको हो।

### १.३ अध्ययनको उद्देश्य

यस शोध अध्ययनको उद्देश्यलाई निम्न अनुसार उल्लेख गरिएको छ -

१. विद्यालयको शैक्षिक क्रियाकलापको वर्तमान अवस्था पहिचान गर्ने ।

२. विद्यालय निरीक्षण (सुपरिवेक्षण) को अवस्था खोजी गर्ने ।

३. प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप गराउन विद्यालय निरीक्षणको भूमिका खोजी गर्ने ।

४. वर्तमान विद्यालय निरीक्षण पद्धतिका समस्याहरूको पहिचान गरी सुधार गर्नुपर्ने उपायहरू सुझाउनु ।

### १.४ अनुसन्धानात्मक प्रश्न

शोधकार्य आफैमा खोजी नीति तहकिकातको कार्य भएकाले शोधकार्य सम्पन्न गर्नका लागि शोधकार्य पूर्व नै अनुसन्धानात्मक प्रश्नको निर्माण गर्नु पर्दछ । यसरी निर्माण गरिएको अनुसन्धानात्मक प्रश्नले शोधकर्ताका लागि शोध कार्य सम्पन्न गर्न मद्दत गर्दछ । यस शोध अध्ययनमा सुनसरी जिल्लाको भीमनगर स्रोतकेन्द्र अन्तर्गत पर्ने रामगंज बेलगछीया, आमाही वेल्हा, अमडुवा, चिमडी र साहेबगंज गा.वि.स. का विद्यालयहरूको शिक्षण सिकाइ सुधारमा प्रभाव पार्ने तत्वहरू मध्ये **'प्रभावकारी शिक्षण सिकाइमा विद्यालय निरीक्षण'** विषयक यस शोध अध्ययनमा निम्नुसारका अनुसन्धानात्मक प्रश्नहरू समावेश गरिएको छ ।

१. विद्यालयको शिक्षण सिकाइ कियाकलापको वर्तमान अवस्था के कस्तो रहेको छ ?

२. वर्तमान अवस्थामा विद्यालय निरीक्षणको भूमिका कस्तो रहेको छ ?

३. विद्यालय निरीक्षणका समस्याहरू के के छन् ?

४. विद्यालय निरीक्षणलाई प्रभावकारी बनाउन के कस्ता उपायहरू अवलम्बन गर्नु पर्दछ ?

यसरी माथि उल्लेखित अनुसन्धानात्मक प्रश्नहरूमा केन्द्रित रही शोध अध्ययन कार्यलाई पूरा गरिएको छ ।

### १.५ अध्ययनको औचित्य

शिक्षण सिकाइ एउटा जटील प्राविधिक कार्य हो । शिक्षा क्षेत्रमा आएको नविनतम सोचलाई नविनतम प्रविधि मार्फत प्रभावकारी ढङ्गले विद्यार्थी समक्ष पस्किन विद्यार्थीहरूको सिकाइ स्तरलाई दिनानुदिन वृद्धि गर्दै लैजानु शिक्षकको जिम्मेवारी हो । पूर्वसेवाकालिन, सेवाकालिन तालिमले मात्र शिक्षकले यस्ता जिमेवारी बहन गर्न सक्दैन । यसका लागि शिक्षकलाई सहजीकरणको आवश्यकता पर्दछ, जुनकाम विद्यालय निरीक्षणले पूरा गर्छ । विद्यालय निरीक्षण तथा सुपरिवेक्षण भनेको शिक्षण सिकाइमा सहजीकरण गर्नु हो, शिक्षकको शिक्षण समस्याको समाधान गर्न मद्दत गर्नु हो । शिक्षकहरूलाई समस्याहरूको पहिचान गर्न लगाइ त्यसको समाधान गर्न, कार्यमूलक अनुसन्धान, अवस्था अध्ययन, परियोजना कार्यहरू गर्न लगाई समस्या समाधान गर्न सिपालु बनाउनु हो । शिक्षकलाई दक्ष, सक्षम बनाउनु हो । शिक्षकमा उत्प्रेरणा जनाउनु, जिम्मेवारीको बोध गराउनु, असल शिक्षण गर्न समक्ष बनाउनु हो । शिक्षकको असल सहयोगी बनी शैक्षिक समस्याहरूको समाधानमा मद्दत गर्नु हो । शैक्षिक उन्नति प्रगतिको संवाहक बन्नु हो । वास्तवमा एउटा निरीक्षक/सुपरिवेक्षक शैक्षिक अगुवा मात्र नभएर सम्पूर्ण शैक्षिक विकास तथा मानव संसाधनको परिचालन कर्ता हो ।

आज विद्यालयमा भवन, फर्निचर, शौचालय, खेलमैदान, शैक्षिक सामग्री पाठयक्रम, पाठयपुस्तक, शिक्षक निर्देशिका, शिक्षक, विद्यार्थी, छात्रवृति, पोशाक, नि.शुल्क शिक्षा, खाजा व्यवस्था, शिक्षकलाई तालिम इत्यादि सबै थोक हुँदा हुँदै पनि सिकाइ उपलब्धि न्यून हुनु गुणात्मक प्रतिस्पर्धी शिक्षा नहुनुको मुख्य कारण नै प्रभावकारी विद्यालय निरीक्षणको अभाव हुनु हो । त्यसैले यस शोधपत्र अध्ययनको मुख्य लक्ष्य भनेको विद्यालय निरीक्षण तथा सुपरिवेक्षण प्रभावकारी नहुनुका कारणहरू, समस्याहरू, पत्तालगाउनु र ती कारणहरू तथा समस्याहरू समाधानका उपायहरू पत्ता लगाउन निरीक्षण प्रणालीलाई सयमयानुकूल विकास गर्न के के गर्नु पर्छ, निरीक्षण प्रणालीलाई व्यापक र प्रभावकारी बनाउन नीतिगत रुपमा के कस्ता उपायहरू अवलम्बन गर्नु पर्ला जस्ता विषयवस्तुमा यो अध्ययन केन्द्रित रहेको हुनाले यस अध्ययनबाट प्राप्त निष्कर्ष उपयोगी हुनेछ । यो अध्ययनले यस शीर्षकमा अध्ययन गर्न चाहने अनुसन्धानकर्ता, योजनाविद्, अनुगमनकर्ता, सुपरिवेक्षक तथा सरोकारवालाहरू सबैलाई सहयोग गर्ने भएकाले यसको औचित्य स्पष्ट हुन्छ ।

### १.६ अध्ययनको परीसीमा

विद्यालय निरीक्षण एउटा राष्ट्रिय विषयवस्तु हो । यस क्षेत्रमा गरिएको शोध अध्ययनले राष्ट्रकै प्रतिनिधित्व पनि नगर्ने होइन, तथापि यस शोध अध्ययनको उद्देश्य भने सुनसरी जिल्लाको दुर्गम क्षेत्रमा

रहेको भीमनगर स्रोतकेन्द्र अन्तर्गतका विद्यालयहरूमा शिक्षण सिकाइ क्रियाकलापको अवस्था कस्तो रहेको छ ? वि.नि.हरू बाट शिक्षण सिकाइमा कतिको सहजीकरण भएको छ ? वि.नि. बाट विद्यालयमा सर्वाङ्गिण विकासमा कस्तो सहयोग पुगेको छ। वि.नि शिक्षक विद्यार्थी, प्र.अ. वि.व्य.स. शिक्षक अभिभावक संघ र अन्य सरोकारवाला विच सम्पर्क र सम्बन्ध कतिको भएको छ ? वि.नि. हरूको पेशागत समस्याहरू के के हुन्। ती समस्याहरू समाधान कसरी गर्न सकिन्छ तथा समाधानका उपायहरू के के हुन सक्छ। विद्यालय निरीक्षकलाई व्यवस्थित तथा प्रभावकारी बनाउन के कस्ता नीतिगत उपायहरू अपनाउनु पर्छ जस्ता विषयवस्तु सम्बन्धमा गरिएको यस शोध अध्ययनमा शोधकर्ताको समस्या आर्थिक स्रोत, समय एवम् साधनको अभावको कारणले गर्दा सुनसरी जिल्लाको भीमनगर स्रोतकेन्द्रमा पर्ने २८ वटा विद्यालयहरू मध्ये रामगञ्ज बेलगछिया गा.वि.स.का ५ वटा र अमाहिबेला गा.वि.स.का ४ वटा गरी जम्मा ९ वटा विद्यालयहरूको अध्ययन गरिएको छ र यसमा जनसंख्याको रुपमा १ जना जि.शि.अ., १ जना वि.नि., १ जना स्रोतव्यक्ति, ५ जना प्र.अ., ८ जना शि., ५ जना वि.व्य.स., ५ जना अभिभावक र ५ जना विद्यार्थीहरू गरी जम्मा ३१ जनासंग लिखित प्रश्नवाली, नमुना सर्वेक्षण, लक्षित समूह छलफल, अवलोकन, अभिलेख अध्ययन र अन्तरवार्ताको माध्यमबाट मत संकलन गरिएको छ।

सानो समूहलाई लिएर यो अध्ययन सम्पन्न गरिएकाले यसबाट प्राप्त निष्कर्षलाई सबै तिर समान्यीकरण गर्न सकिदैन।

## १.७ मुख्य शब्दावलीहरूको परीभाषा

विद्यालय : सामुदायिक विद्यालय वा संस्थागत विद्यालय

अभिभावक : विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएका व्यक्ति

मन्त्रालय : नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय

स्रोतकेन्द्र : समूह विद्यालयको निरीक्षण केन्द्र

ऐन : शिक्षा ऐन २०२८ सम्झनु पर्दछ।

नियमावली : शिक्षा नियमावली २०५९ सम्झनु पर्दछ।

## परिच्छेद दुई :

## सम्बन्धित साहित्यको पुनरालोकन तथा अवधारणात्मक खाका

### २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन

यस शोधपत्रको अध्ययनलाई सैद्धान्तिक आधार प्रदान गर्न बहुचर्चित शिक्षाविद्हरू जर्ज इल्टन मायो र मेरी पार्कर फोलेटद्वारा प्रतिपादित मानव सम्बन्ध सिद्धान्तलाई एउटा आधारको रुपमा लिने प्रयास गरिएको छ । यो मानव सम्बन्ध सिद्धान्तले संगठनभित्रको महत्वपूर्ण पक्ष मानवीय सम्बन्धलाई मानी संस्थाको उद्देश्य प्राप्तिका लागि मानवीय शक्तिको विचमा सु-सम्बन्ध कायम भएमा मात्र उद्देश्यपूर्ण उपलब्धि प्राप्त गर्न सकिन्छ भन्ने मान्यता राख्दछ । यस सिद्धान्त अनुसार कुनै पनि संघ, संस्था, कार्यालय तथा संगठनमा प्रभावकारी तथा राम्रो काम गर्न ती कामसंग सम्बन्धित मानव संसाधन विच राम्रो सम्बन्ध, सहकार्य भएमा मात्र कार्य राम्रो, गुणात्मक र स्तरीय हुन्छ । मानव सम्बन्ध र सहकार्य राम्रो भएन भने अपेक्षाकृत उपलब्धि हुन सक्दैन, ढिलासुस्ती, कमजोर, कमसल, कामले प्रसय लिन्छ र सम्पूर्ण संस्था, संगठन नै धारासायी बन्न जान्छ । यस सिद्धान्त अनुसार शैक्षिक संस्थालाई एउटा सामाजिक प्राणीको रुपमा लिनु पर्ने हुन्छ । शैक्षिक संस्थामा कार्यरत शिक्षक कर्मचारी आर्थिक कारणबाट मात्र प्रेरित नभएर मनोबैज्ञानिक, सामाजिक अवश्यकता र चाहनाबाट प्रेरित हुने भएकोले उनीहरूको आवश्यकता, चाहना, समस्याहरूको पहिचान गरी ती समस्याहरूको संबोधन तथा सहजीकरण गर्नुपर्छ अनि मात्र कामदार (कर्मचारी, शिक्षकको) मनोवल बढेर आउँछ र काम प्रति उत्साहित भएर जिम्मेवारीको वहन गर्छ ।

यस मानव सम्बन्धको सिद्धान्तको व्याख्या गर्दै शिक्षाविद् जर्ज इल्टन मायोले निम्न कुरा भनेका छन् (काफ्ले र पौडेल, २०६४) ।

क. मानिसहरू समुदायमा बसेर काम गर्न रुचाउँछन् ।

ख. मानवीय मूल्य मान्यताको अपेक्षा गर्दछन् ।

ग. आर्थिक अतिरिक्त गैर आर्थिक प्रोत्साहनले पनि मानिसहरू काम प्रति उतरदायी हुन्छन् ।

घ. आफुहरूलाई अरुहरूले महत्त्व दिउन भन्ने चाहन्छन् ।

ङ. व्यवस्थापनले काम गर्ने वातावरण तयार पारिदिदा आफ्नै हो भन्ने वातावरण तयार पारिदेओस भन्ने चाहन्छन् ।

च. काम गर्दा सरसल्लाह, मार्गनिर्देशक र अभिप्रेरणा मिल्ने चाहना राख्दछन् ।

जर्ज इल्टन मायोको मान्यताले संस्थामा मानव सम्बन्ध बढाउने र कार्यमा प्रभावकारिता ल्याउने भएकाले यी मान्यता विद्यालय निरीक्षणलाई पनि प्रभावकारी बनाउनमा सहयोग गर्ने भएकाले यस सिद्धान्तको यो शोधमा अध्ययन गरिएको छ ।

त्यसै गरी मेरी पार्कर फोलेटले पनि मानव सम्बन्ध सिद्धान्तलाई अगाडि बढाउन समन्वय सम्बन्धी निम्नलिखित चारवटा सिद्धान्त प्रतिपादन गरेकी छन् । जुन यस प्रकार छन् -

क. **जिम्मेवार व्यक्तिहरूबाट प्रत्यक्ष सम्पर्क र समन्वय:-** व्यवस्थापक कामदार र कामदार विच प्रत्यक्ष सम्पर्क भेटघाट समन्वय राम्रो हुने मात्र होइन कि व्यक्ति व्यक्तिका विचारहरू बुझ्न, काम गर्ने तरीका सिक्न र सिकाउन तथा काम गर्दा आउने अप्ठयारा र व्यवधान हटाउन समेत सजिलो हुन्छ ।

ख. **प्रारम्भिक समयमा समन्वय:-** समन्वय गर्नु पर्दा समन्वय गर्ने, गराउने व्यक्तिहरूले कार्यक्रमको शुरुवात पूर्व प्रारम्भ गरिहाल्नु पर्छ । बेलैमा गरिएको समन्वयले मैत्रीभाव बढेर जाने, आत्मीयता बढने र कामको मात्रामा गुणत्मक तथा संख्यात्मक प्रगति हुने हुन्छ ।

ग. **सबै पक्षसंग पारस्परिक सम्बन्धको रुपमा समन्वय:-** संघ संस्थाका पहलहरू जस्तै मानिस मेसिन र वातारवरण विच पारस्परिक सम्बन्ध भई राखेको हुनुपर्छ । यी सबै पहलुहरू विच समयमा समन्वय कायम नगरिए कार्यको नतिजा संतोषप्रद नहुन सक्छ ।

घ. **समन्वय अविच्छिन्न प्रकृयाको रुपमा:-** व्यवस्थापकीय कार्यलाई चुस्त र गतिशील बनाइ राख्न समन्वय गर्ने कार्यलाई अविछिन्न प्रक्रियाका रुपमा कार्यान्वयन गर्नुपर्छ । समन्वयबाट नै एक आपसको सम्बन्ध गाढा र ओजस्वीलो भइ कार्य शैलीमा सजिलो हुने तथा उत्पादनमा गुणस्तर आउने हुन्छ ।

(प्रा.डा. वासुदेव काफ्ले, शिक्षा शास्त्र केन्द्रिय शिक्षण विभाग कीर्तिपुर, काठमाडौं र उप प्रा. गिरिराज पौडेल, महेन्द्र रत्न शिक्षा क्याम्पस ताहाचल काठमाडौं द्वारा लिखित पुस्तक शैक्षिक व्यवसथापन र सङ्गठनात्मक व्यवहार एम.एड. प्रथम वर्ष पेज १६ र १७ बाट सङ्कलित)

वास्तवमा कुनै पनि सस्था, संगठनको सफलताको कडिनै त्यहाको मानव संसाधन विचको सुसम्बन्ध हो । शैक्षिक संस्थामा शिक्षण सिकाइ सुधारका लागि शिक्षक, विद्यार्थी, प्र.अ., वि.नि., अभिभावक, समुदाय, विद्यलाय तथा विद्यालय परिवार विच राम्रो सम्बन्ध समन्वय र सहकार्य भएमा मात्र शैक्षिक संस्थाको शैक्षिक, भौतिक, आर्थिक लगायत सम्पूर्ण पक्षको प्रभावकारी व्यवस्थापनमा सहयोग

पुग्ने भएकाले विद्यालय निरीक्षण र शैक्षिक सरोकारवालाहरूका बीचमा राम्रो समन्वय भएमा प्रभावकारी शिक्षण सिकाइ हुन सक्ने भएकाले मेरी पार्कर फोलेटको यो सिद्धान्तको अध्ययन गरिएको छ ।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

शोधकर्ताले शोधको अध्ययनको सिलसिलामा केही सन्दर्भ साहित्यको अध्ययन गरेको छ जुन साहित्यहरूको विवरण निम्नानुसार छन् ।

चिराग (१९९६) द्वारा विद्यालय निरीक्षकहरूको भूमिका विषय अध्ययन गरी नेपाल सरकार शिक्षा मन्त्रालय माध्यमिक शिक्षा विकास परियोजनामा प्रस्तुत गरेको प्रतिवेदनमा विद्यालय सुपरिवेक्षण सम्बन्धी निम्न समस्याहरू भएको उल्लेख गरिएको छ ।

क) विद्यालय निरीक्षकहरूमा शैक्षणिक निरीक्षणको अभाव छ ।

ख) विद्यालय निरीक्षकहरूमा अनुभव योग्यता र दक्षताको कमी छ ।

ग) निरीक्षण प्रभावकारी छैन ।

घ) निरीक्षण प्रणाली प्रशासनमुखी भएको छ ।

ङ) निरीक्षकहरू विद्यालयमा भन्दा बढी समय कार्यालयमा बिताउने गर्दछन् ।

च) निरीक्षकहरूलाई प्रशासनिक कार्यमा बढी लगाइन्छ ।

यसरी माथिका समस्याहरू उल्लेख गरेर चिराग संस्थाले विद्यालय निरीक्षण प्रणालीका प्रभावकारीता कार्यान्वयन पक्ष कमजोर रहेको र यसमा तत्काल सुधार गर्नुपर्ने अपेक्षा राख्दै विभिन्न सुझावहरू प्रस्तुत गरेका छन् । यस संस्थाका सुझावहरूलाई निम्न बुदामा राख्न सकिन्छ -

क. विद्यालय निरीक्षकहरूले समन्वयकर्ताको भूमिका निर्वाह गर्नु पर्दछ । वि.नि. ले जि.शि.का.र वि.व्य.स. विच संचारको काम गर्नुपर्छ ।

ख. विद्यालय निरीक्षकहरूले शिक्षकको शिक्षण सिकाइमा सहजीकरण गर्नु पर्दछ ।

ग. विद्यालय निरीक्षण प्रशासनिक नभएर प्राविधिक तथा सुपरिवेक्षणको हुनुपर्छ ।

घ. वि.नि.हरू जि.शि.का.मा प्रशासन मुखी भएका छन् ।

ङ. वि.नि.हरूलाई आर्थिक सुविधाको कमी भएको, सुविधा बढाउनु पर्नेछ ।

च. वि.नि.हरूलाई तालिमको कमी भएकाले तालिम दिनुपर्छ ।

**खतिवडा** (२०५७) का अनुसार विद्यालय निरीक्षक र स्रोत व्यक्तिको काम प्रभावहिन हुनु दण्डहीनता नै हो । विद्यालय निरीक्षक र स्रोतव्यक्तिको कामको मूल्याङ्कन गरी कामको आधारमा उचित पुरस्कार वा दण्डको व्यवस्था अनिवार्य गरिनु पर्ने, निरीक्षण तथा अनुगमन प्रणालीको सवलीकरण गरी स्थानीय तहको निरीक्षण तथा सुपरिवेक्षणलाई प्रभावकारी बनाउन गाउँ विकास समिति, विद्यालय व्यवस्थापन समिति र जिल्ला शिक्षा कार्यालयको भूमिकामा परिमार्जन गर्नुपर्ने जस्ता कुरामा जोड दिएको पाइन्छ जुन कुरा समय सापेक्ष र यस शोधका लागि उपयुक्त देखिन्छ ।

**चापागाई** (२०५९) द्वारा लिखित “विद्यालय निरीक्षण समस्या र समाधान” शीर्षक नामक लेखमा विद्यालय निरीक्षणका प्रमुख समस्याहरू यस प्रकार छन् -

क. विद्यालय निरीक्षण कार्य एउटा निश्चित प्रणालीको रुपमा विकसित भई आलोचनामुक्त हुन सकेको छैन ।

ख. विद्यालय निरीक्षण कार्यलाई व्यवस्थित गराइ एउटा निश्चित प्रणालीका रुपमा विकसित गर्ने प्रयास भएको छैन ।

ग. वि. नि. लाई उत्साहित वनाउन सेवा सुविधामा थप गर्नुपर्छ ।

घ. वि. नि. हरू प्राविधिक मानव संसाधन बन्न नसक्नु ।

ङ. राम्रो सिर्जनात्मक कामगर्ने निरीक्षकको सही मूल्याङ्कन नहुनु ।

च. वि.नि. हरू विद्यालयभन्दा कार्यालयमा बढी समय बिताउनु ।

छ. वि.नि.हरूबाट शिक्षकहरूको पेशागत समस्याको सही सम्बोधन हुन नसक्नु, शिक्षण सिकाइमा देखापरेका समस्याहरूमा सहजकीरण नगर्नु ।

चापागाईले माथि उल्लेखित समस्याहरूको समाधान गर्न र निरीक्षण प्रणालीलाई व्यवस्थित तथा प्रभावकारी बनाउन तत्काल अवलम्वन गर्ने उपायहरू समेत उल्लेख गर्नु भएको छ जुन निम्नुसार छन् -

क. निरीक्षकको कार्य क्षेत्र स्पष्ट बनाउनु पदर्छ ।

ख. निरीक्षकलाई आवश्यक अधिकार प्रत्यायोजन गरिनु पर्छ ।

ग. निरीक्षकलाई निरीक्षण सुपरिवेक्षण बाहेक थप कार्यभार दिनु हुदैन ।

घ. राम्रो निरीक्षण गर्नेलाई कामको मूल्याङ्कन गरी पुरस्कार र नराम्रो गर्नेलाई दण्डको व्यवस्था गर्ने ।

ङ. निरीक्षकलाई पूर्ण प्राविधिक बनाउने ।

च. निरीक्षकको प्रतिवेदनमा गोप्य सिफारिस गरेका कुराहरू कार्यान्वयन गर्ने, गराउने ।

छ. निरीक्षकको सेवा सुविधा विस्तार गर्ने ।

**नेपाल** (२०६५) को लेख अनुसार सरकारी तथा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर खस्किनुको मुख्य कारणहरूमा खास गरी दुई वटा कारणहरू (क) अभिभावकसंगको दुरी र ख) विद्यार्थीको शैक्षिक विकास प्रति शिक्षकहरूको उदासिनता रहेको छ । सरकारी तथा सामुदायिक विद्यालयहरूमा अभिभावकहरू आफनो छोरा छोरीलाई विद्यालयमा भर्ना गराउन आएदेखि बाहेक अन्य बेलामा विद्यालयले बोलाए मात्र नभए कहिले पढाई स्तर कस्तो छ, के शैक्षिक समस्या छ ? शिक्षक, प्र.अ. को के गुनासो छ, के रिपोट छ यस्ता कुराहरूको खोजी नीति गर्न विद्यालयसंग सम्पर्क गर्दैनन् जसको कारणले आफना विद्यार्थीहरूको प्रगति उकास्नमा अभिभावकको भूमिका गौढ छ । अर्कातिर विद्यार्थीको प्रगति, उन्नति नै आफ्नो प्रगति उन्नति हो, उनीहरूको प्रगति उन्नतिमा लागिरहनु पर्नेमा शिक्षकहरूमा विद्यार्थी भन्दा आफ्नै घरायसी निजी कामको चिन्ता र चिन्तन बढी छ । ऊ पेशा प्रति जिम्मेवार छैन, शिक्षक विद्यार्थीको शैक्षिक विकास प्रति उदासिन रहेकै कारणले गर्दा शैक्षिक स्तर खस्किदै गएको छ । यदि अभिभावकहरू विद्यालयमा नियमित रुपमा उपस्थित हुने हो भने एकातिर आफनो छोरा छोरीको शैक्षिक स्तर थाहा हुन्छ, शिक्षकसंगको सम्पर्क, सम्बन्ध बढ्छ र विद्यालयको अनुगमन पनि हुने हुँदा यसले गर्दा शिक्षक सतर्क हुन्छ, लगनशील हुन्छ, जवाफदेही हुन्छ र साथै विद्यालय भित्र तथा बाहिरको वातवरणमा समेत सकारात्मक प्रभाव पर्न गई शिक्षाको गुणस्तरमा राम्रो प्रभाव पर्न जान्छ भनी उल्लेख गरेकाले यस लेखको उद्देश्य र शोधकार्यको उद्देश्यमा एकरुपता देखिएकाले यस लेखको पुनरावलोकन गरिएको हो ।

**वाग्ले** (२०६६) को लेख अनुसार शैक्षिक विकासको प्रमुख साधनका रुपमा शिक्षकलाई लिनुपर्छ । शिक्षक शिक्षित पूंजी हो । शिक्षा विकासका लागि शिक्षकलाई शिक्षित दक्ष बनाउनु पर्छ । यसका लागि न्यूनतम शैक्षिक योग्यता एउटा मापदण्ड मात्र हो । त्यसैले सम्भव भएसम्म शिक्षकलाई बढी दक्ष, अनुभवी, प्राज्ञ बनाउन राज्यले शिक्षकलाई उच्च योग्यता बढाउने अवसर दिनुपर्छ, तालिमको

अवसर, उच्च अध्ययनको अवसर प्रदान गर्नु पर्छ । शिक्षकको पेशागत विकास हुनु भनेकै शिक्षाको गुणस्तर वृद्धि हुनु हो । शिक्षकको पेशागत विकासले शिक्षकलाई दक्ष, सक्षम, अनुभवी बनाई पेशाप्रति जिम्मेवार बनाउँछ र शैक्षिक विकासमा उल्लेखनीय योगदान पुग्नजान्छ भन्ने उल्लेख भएकाले यो लेख यस शोध कार्यमा मार्ग दर्शन गर्न सक्ने भएकाले पुनरावलोकन गरिएको छ ।

**अवस्थी** (२०६६) का अनुसार विद्यालयको शैक्षिक, भौतिक, आर्थिक वातावरण लगायत सम्पूर्ण क्षेत्रको उचित प्रवन्ध र विकासका लागि विद्यालय क्षेत्र सुधार योजनाले महत्वपूर्ण भूमिका खेल्नेछ । यस  विद्यालय क्षेत्र सुधार योजनाले पाँच कुराहरू -

१. छरिएर रहेका विद्यालय क्षेत्रसंग सम्बन्धित नीतिहरूलाई एकीकृत गरी समन्वय गरी तालमेल मिलाउँछ ।

२. स्कुले केटा-केटीहरूको भर्नादरमा वृद्धि गर्छ ।

३. शिक्षा मन्त्रालयदेखि लिएर स्कुल र समुदायसम्म सबैलाई वढी जवाफदेही बनाउन ।

४. हालको पढाई केन्द्रित सोचलाई सिकाइ केन्द्रित सोच बनाउन ।

५. स्कुललाई पूर्णत : क्रियाशील (फुल्ली फङ्सनल) तुल्याउन विद्यालय क्षेत्र सुधार कार्यकमले काम गर्ने भएकाले विद्यालय क्षेत्र सुधार कार्यक्रम लागू गरिएको हो । यो विद्यालय क्षेत्र सुधार कार्यकमले सन् २०१५ सम्म “सबैका लागि शिक्षा कार्यकम” अर्थात सहस्राब्दी विकास लक्ष्यकै विस्तारित र संगठित स्वरुप हो भनी अन्तर्वार्ता दिनु भएकाले यो अन्तर्वार्ता यस शोधपत्रमा सरकारी कार्यकम तथा शैक्षिक नीतिको जानकारीका लागि आवश्यक भएकाले पुनरावलोकन गरिएको हो ।

**कोइराला** (२०६६) का अनुसार विद्यालय सुधार योजनाले विद्यालयको संरचना बदलियो, परीक्षा सुधारमा विकेन्द्रीकरण गर्‍यो, पाठयकममा सान्दर्भीकरण भयो विद्यालय स्वायत हुने भए, पाठ्यकममा नरम सीप समावेश गर्‍यो, अब खुल्ने विद्यालयहरू मानकमा आधारित हुन्छन् । जस्ता पक्षहरूमा विश्लेषणात्मक चर्चा गर्नु भएको कारणले यो विश्लेषणात्मक चर्चाले यो शोधपत्र विद्यालय निरीक्षकलाई वि.सु. यो निर्माणको औचित्य महत्व बारे पृष्ठपोषण प्रदान गरी त्यसको कार्यान्वयन पक्षको प्रभावकारीतामा पार्ने असरको बारेमा समेत पृष्ठपोषण दिने भएकाले पुनरवलोकन गरिएको छ ।

**पोखेल** (२०६६) का अनुसार सिकाइ सृजनशील बनाउने केही उपायको सन्दर्भमा यस प्रकार उल्लेख गरेको छ -

क. शिक्षकले विद्यार्थीमा अन्तरनिहित क्षमता समाउन सक्नु र ती विचार र क्षमतालाई उत्साहति गर्नु पर्दछ ।

ख. विद्यार्थीलाई 'तिमी यहाँ पुगेको भए' 'तिमीलाई यो समस्या परेको भए कसरी गर्ने भनी सोच्न लगाउन सकिन्छ' यस्ता समस्यामूलक तथा सृजनात्मक कार्य कक्षकोठामा गर्न लगाउनु पर्छ । यसले गरेर सिक्ने क्षमताको विकास गरी सिकाइलाई दिगो बनाउँदछ ।

ग. विद्यार्थीहरूलाई उनीहरूको रुचि अनुसारको अवसर दिनुपर्छ ।

घ. विद्यार्थीलाई सृजनशील बनाउन उदाहरण दिनु भन्दा राम्रोसंग समस्या बुझाउनु पर्ने हुन्छ ।

ङ. शिक्षकले विद्यार्थीको मौलिकतालाई बढी प्राथमिकता दिनुपर्छ ।

च. प्रश्नहरू व्यवहारिक र खुल्ला हुनुपर्छ ।

ज. विद्यार्थीहरूलाई उनीहरूको विचार अरु विचारसंग परीक्षण गराउन सकिन्छ ।

उपरोक्त लिखित कुराहरूले विद्यालय निरीक्षणले कक्षा कोठामा शिक्षकलाई कस्ता-कस्ता कुरा गर्न सहजीकरण गर्नु पर्छ जस्ता कुराको लागि मार्ग दर्शन गर्ने भएकोले उक्त लेखलाई यस शोधपत्रमा पुनरावलोकन गरिएको छ ।

**वराल** (२०६६) बाट उल्लेख भए अनुसार असल शिक्षणका दश पूर्वशर्तहरू यसप्रकार छन् -

१. असल शिक्षण भनेको विद्यार्थीमा पढाइ सिकाइप्रति चाख जगाउनु मात्र होइन पढ्नु, सिक्नुको औचित्य अथवा कारण प्रष्टयाउनु पनि हो । असल शिक्षण भनेको विद्यार्थीहरूलाई सिक्ने तरीका सिकाउने र उनीहरूले सिकेका कुराहरूलाई सान्दर्भिक अर्थपूर्ण र चिरस्थायी गराउन मद्दत गर्नु हो ।

२. असल शिक्षणले सार सिकाउँछ । यसले विद्यार्थीलाई उपभोक्ता ठान्छ । असल शिक्षणले आफना विषयमा उत्कृष्टता हासिल गर्न प्रेरणा दिन्छ । यसले आफनो विषय भित्र र बाहिरका विभिन्न स्रोत सामग्रीको अध्ययन गर्न र सकेसम्म आफ्नो दक्षतामा धार लगाउन हौसला दिन्छ । असल शिक्षण भनेको फजुल कुरालाई छोडेर आफुलाई आफ्नो विषयमा चुर्लुम्म डुबाउनु, कुराकानी

गर्नु, अरुसंग परामर्श लिनु, सिकारुहरूलाई सहयोग गर्नु र समुदायहरूसंग सम्बन्ध विस्तार गर्नु हो ।

३. असल शिक्षण भनेको राम्रोसंग सुन्नु, प्रश्न गर्नु, जिम्मेवार हुनु र प्रत्येक विद्यार्थी र कक्षाहरू फरक फरक हुन्छन् भन्ने कुराको हेक्का राख्नु हो । यो कक्षाकोठामा चुपचाप बस्ने विद्यार्थीको जिज्ञासालाई प्रष्ट पार्दै उनीहरूमा बोल्ने सीपको विकास गर्नु पनि हो । यो विद्यार्थीलाई अगाडि बढाउनु हो । यसले 'मानव हुन' अरुलाई सम्मान गर्न र सदैव व्यावसायिक बन्न सिकाउँछ ।

४. असल शिक्षण सँधै निश्चित एजेण्डा बोक्ने र कडा हुने मात्र होइन बरु लचकदार, तरल परीक्षण गरीरहने र परिवर्तित परिवेशसंग जुध्ने र अनुकुल हुने आत्मविश्वासी हुने प्रवृति हो । तपाईले कक्षामा गर्न चाहनु भएको मध्ये केवल १० प्रतिशत मात्रै गर्न सक्नुभयो र तपाई खुशी हुनुहुन्छ भने त्यो पनि असल शिक्षण हो । असल शिक्षण पाठ्यक्रम अथवा प्रवचन तालिका बाहेक अन्य अझ राम्रो सिकाइ सामग्री र तरिकाहरूको पनि उपयोग हो ।

५. असल शिक्षण स्टाइल पनि हो । असल शिक्षण मनोरञ्जन दिने हुनुपर्छ । असल शिक्षण भनेको विद्यार्थीलाई दुबै हात बाँधेर वेञ्चमा राख्नु होइन । अथवा आँखा कालो पाटीमा मात्रै टाँसिइरहनु मात्र पनि होइन । असल शिक्षणले कक्षाको प्रत्येक विद्यार्थीलाई काम लगाउँछ । असल शिक्षकले कक्षालाई रङमञ्च ठान्छन् र आफुलाई उक्त रङमञ्चको संचालक जहाँ प्रत्येक विद्यार्थीले आ-आफनो दक्षता अनुसार भिन्न भिन्न बाजा बजाउँछन् ।

६. असल शिक्षण रसपूर्ण हुन्छ । यो अनुशासित हुने तर त्यति धेरै गम्भिर नहुने शैली हो । असल शिक्षणले आफ्नै कुरामा हाँस्न समेत सिकाउँछ जसबाट विद्यार्थीले रमाइलो गरी सिक्छन्, वातारण सरल हुन्छ ।

७. असल शिक्षण - विद्यार्थीको हेरचाह र उनीहरूको दिमाग तथा प्रतिभाको विकास गर्नु, प्रत्येक विद्यार्थीका लागि समर्पित रहनु हो । अथक रुपमा पाठ्यक्रमहरूको विकास र परिमार्जन गर्नु तथा प्रभावकारी शिक्षण सामग्री निर्माण गर्नु हो ।

८. असल शिक्षण - सवल र विचारशील नेतृत्व, स्पष्ट संस्थागत सहयोग, स्रोत साधन र जनशक्ति विचको सन्तुलन हो । यसले सिङ्गो संस्थालाई समावेश गराउँछ । यो के भनिन्छ भन्ने कुराबाट होइन, के गरिन्छ भन्ने कुराबाट देखिने कुरा हो ।

९. असल शिक्षण - बरिष्ठ कनिष्ठ सहकर्मी विच यस्तो सहकार्य हो, जहाँ बरिष्ठले कनिष्ठलाई शिक्षणसंग सम्बन्धित कार्यमा आफ्नो अनुभव र ज्ञानद्वारा आफु समान बनाउनेछ। प्रभावकारी शिक्षणलाई पुरस्कृत गरिनु पर्छ र कमजोर शिक्षणलाई तालिम र विकासका कार्यक्रमबाट हटाउनु पर्छ।

१०. असल शिक्षण - मजा लिनु, रमाइलो गर्नु हो। आनन्दको अनुभुति गर्नु र आफै आननिदत हुनु हो। विद्यार्थीहरूलाई ध्यान दिनु, उनीहरूसंग एकाकार हुनु, विद्यार्थीको अनुहारमा सिकाइ पछिको चमक हेर्नु र आशावादी सपना देख्नु हो। यस शोधपत्रले शिक्षण सुधार तथा वि. व्यवस्थापनका लागि शिक्षकको भूमिकामा जोड दिएको उक्त लेखले सो कुरामा मद्दत पुऱ्याउने भएकाले उक्त लेखको पुनरावलोकन गरिएको छ।

**अगुइलर** (२०६७) को लेख अनुसार प्रभावकारी शिक्षणको गोप्यमन्त्र कक्षाकोठा जानुपुर्व संधै तयारी गर्नु र तयारी साथ कक्षाकोठामा प्रवेश गर्नु हो। शिक्षकको पहिलो काम विद्यार्थी तथा अभिभावकको कौतुहल शान्त गराउनु हो। शिक्षकले हरेक विद्यार्थीको नाम थाहा पाई नामले बोलाउनु पर्छ, आफु शिक्षक किन भएँ विद्यार्थीलाई बताउनु पर्छ। बालकको रुचि, क्षमता, सीपको पहिचान गरी कक्षाकोठामा प्रदर्शन गर्ने व्यवस्था मिलाउनु पर्छ। अभिभावकसंग सम्पर्क गरी पढाइ शुरुवातको एक महिना भित्रै बालकका बारेमा जानकारी प्राप्त गर्नुपर्छ। यसरी यस शोधमा शिक्षकको भूमिकाका बारे प्रष्ट पारेकाले यी कुराहरू यस शोधपत्रको शैक्षिक व्यवस्थापनमा मार्गदर्शन गर्ने भएकाले यसको पुनरावलोकन गरिएको छ।

**गुरुङ्ग** (२०६७) को लेख अनुसार शिक्षक आफ्नो पेशाप्रति बफादार, जिम्मेवार र लगनशील बन्नुपर्छ। उसले प्रत्येक दिन ६ घन्टा अध्यापन गर्नुपर्छ। पूरा समय नपढाए जिम्मेवार वहन नगरे समाजले गाली गर्छ, खाएको तलवबाट फलिफाप हुँदैन, पढाइलाई आफनो जिम्मेवारी ठान्नु पर्छ। यस्तो संस्कारको जन्मबाट मात्रै हामीले रोजेको खोजेको विद्यालय बनाउन सक्छौं भन्ने जस्ता कुरा उल्लेख गरेकाले यो निष्कर्षले यस शोधपत्रको शैक्षिक व्यवस्थापन तथा निरीक्षण व्यवस्थापनमा सहयोग गर्ने भएकाले पुनरावलोकन गरिएको छ।

**राना भाट** (२०५७) को शोधपत्रका अनुसार विद्यालयमा कार्यरत शिक्षक प्र.अ.हरूसंग विद्यालय निरीक्षकको निकटतम सम्बन्ध नहुनुको मुख्य कारणमा वि.नि.हरूको विद्यालयमा निरीक्षण कार्य नियमित नहुनु, शिक्षकहरूको समस्याको समाधानमा सहजीकरण नहुनु हो। शिक्षकको समस्याको

सम्बोधन वि.नि.बाट नहुनु हो, शिक्षकहरूलाई उपयुक्त सहयोग नहुनु साथै निरीक्षकहरू आफनो पेशाप्रति प्रतिबद्ध नहुनुको कारणले शैक्षिक उपलब्धि प्राप्त हुन नसक्नु उल्लेख गरेका छन् । यसरी शिक्षक र निरीक्षक वीचको सम्बन्धबारे निरीक्षकको पेशागत प्रतिबद्धताको बारेमा उल्लेख भएकाले यी कुराहरू यस शोधपत्रका लागि सान्दर्भिक भएकाले यस शोधपत्रमा पुनरालोकन गरिएको छ ।

**पन्त** (२०६७) को सामुदायिक विद्यालयको भौतिक व्यवस्थापनमा प्र.अ.को भूमिका शीर्षकको शोधपत्र अनुसार विद्यालयको प्रशासकीय प्रमुख प्र.अ. हो । विद्यालयको नीति नियम तथा कार्यक्रम तर्जुमा गर्ने कार्यन्वयन गर्ने, गराउने, आर्थिक नियमितता कायम गर्ने, विद्यालयको शैक्षिक, भौतिक, आर्थिक लगायत विभिन्न क्षेत्रको उचित प्रवन्ध र विकास गर्ने, विद्यालयमा पठन पाठनको प्रवन्ध मिलाउने, उचित शैक्षिक वतावरणको निर्माण गर्ने, शिक्षक विद्यार्थी अभिभावक तथा सरोकारवालाहरूसंग राम्रो सम्बन्ध समन्वय कायम गर्ने जस्ता काम, कर्तव्य प्र.अ. को हुने भएकाले विद्यालयमा योग्य, दक्ष अनुभवि, नेतृत्दायी प्रधानाध्यापकको नियुक्ति गर्नुपर्ने शोधपत्रमा उल्लेख भएकाले उक्त कुराले यस शोधपत्रको भौतिक व्यवस्थापन शैक्षिक व्यवस्थापनका लागि आवश्यक सुधारका पक्षहरू प्रस्तुत भएकाले यस शोधपत्रलाई पुनरावलोकन गरिएको छ ।

**कुवर** (२०६७) को शोधपत्र अनुसार विद्यालयको शिक्षण सिकाइ प्रभावकारी बनाउन शिक्षक र अभिभावकको विचमा प्रत्यक्ष सम्बन्ध भई रहनु पर्छ यसले गर्दा विद्यार्थीको अवस्था स्तरबारे शिक्षकले अभिभावकलाई जानकरी गर्छ भने अभिभावकले विद्यार्थीको स्तरमा सुधार ल्याउने बारे शिक्षकसंग पृष्ठपोषण प्राप्त गर्छ । विद्यार्थी बढी समय अभिभावकसंग रहने भएकाले शिक्षण सिकाइमा अभिभावकको ठूलो भूमिका रहन्छ । बालकको पठन पाठन तथा शैक्षिक स्तरमा अभिभावकको भूमिकाको प्रत्यक्ष प्रभाव परेको हुन्छ भन्ने कुरा यसमा उल्लेख भएकाले यस शोधले विद्यालय व्यवस्थापनका लागि अभिभावकको भूमिकामा जोड दिएकाले यस अनुसन्धानलाई पुनरावलोकन गरिएको छ ।

**चन्द** (२०६८) को शोधपत्र अनुसार वर्तमान अवस्थामा विद्यालयको शैक्षिक क्षेत्रमा देखिएको समस्याहरूको पहिचान र सम्बोधन गर्न स्रोतव्यक्ति, शिक्षक प्र.अ., वि.व्य.स.हरूको विचको सम्बन्धमा सुधार ल्याउनु पर्छ । उनीहरूको विचमा आवश्यक शैक्षिक छलफल, परामर्श, अन्तरक्रिया गरिनु पर्छ । समय-समयमा कार्याशाला, गोष्ठी, सेमिनार, बैठक, तालिम संचालन गरिनुपर्छ र शैक्षिक सुधारका लागि प्रयत्न गरिनुपर्छ । साथै स्रोतव्यक्तिले कक्षा अवलोकनमा वढी सक्रिय रही शिक्षकको शिक्षण सिकाइ समस्यामा सहजीकरण नियमित रुपमा गरेमा शिक्षण सिकाइ प्रभावकारी

हुने, सिकाइ उपलब्धिमा बृद्धि हुने र शैक्षिक व्यवस्थापन दरिलो हुने कुराको निष्कर्ष निकालेको छ जुन कुराले यस शोधको अनुसन्धानको लक्ष्यसम्म पुऱ्याउन सहयोग गर्ने भएकाले यस अनुसन्धानमा पुनरावलोकन गरिएको छ ।

उपरोक्त लिखित साहित्य, लेख, रचनाहरूले प्रभावकारी शिक्षण सिकाइका लागि विद्यालय निरीक्षकबाट शिक्षकका समस्याको पहिचान गरी सम्बोधन गर्नुपर्ने, शिक्षकलाई शिक्षणमा सहजीकरण गर्नुपर्ने, शैक्षिक सरोकारवालासँग सम्पर्क, समन्वय, सहकार्य, छलफल, अन्तर्क्रिया गर्नुपर्ने, शैक्षिक अगुवाको काम गर्नुपर्नेमा जोड दिइएकाले लेख, शोधको मार्ग दर्शन अनुसार, मर्म अनुसार तथा सुझावको आधारमा विद्यालय निरीक्षणलाई अगाडी बढाउन सकेमा विद्यालयको निरीक्षण प्रभावकारी भई विद्यालयको शिक्षण सिकाइ प्रभावकारी, गुणात्मक, उद्देश्यमूलक, उपलब्धिमूलक हुने कुरामा कुनै शङ्का देखिँदैन । विद्यालयको शैक्षिक अवस्थामा अपेक्षाकृत सुधार ल्याउन प्र.अ., शिक्षक, विद्यालय निरीक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा अन्य सरोकारबालाहरू सबैको साझा प्रयासको आवश्यकता पर्न जान्छ । सबैको साझा प्रयास, सम्बन्ध र सहयोगबाट मात्र विद्यालयको वातावरण सिकाइ केन्द्रित, शान्त, रमनीय बनाउन सकिने भएकाले उपरोक्त लिखित लेख, शोधसारले यस प्रस्तावित शोधपत्रको उद्देश्यपूरा गर्ने आशा गरिएको छ ।


## २.३ पुनरावलोकनको शैक्षिक उपादेयता

कुनै पनि विषय बस्तुको अध्ययन अनुसन्धान कार्य पूरा गर्नका लागि त्यस अध्ययनसंग सम्बन्धित पूर्व शोध, अध्ययन, लेख, रचना, प्रतिवेदन जस्ता सहित्यको अध्ययन गर्नु पर्ने हुन्छ । “प्रभावकारी शिक्षण सिकाइमा विद्यालय निरीक्षण” शीर्षकमा यस शोध अध्ययन पूरा गर्नका लागि पनि केही लेख रचना तथा शोधपत्रको अध्ययन गरिएको छ । जसबाट यस शोधपत्रलाई उद्येश्यमूलक बनाउन सहयोग पुगेको छ । शिक्षण संस्था समुदायमा आधारित संस्था हो । यसका कच्चा पदार्थ विद्यार्थी हुन् जुन समुदायको उपज हो, जसलाई तयारी माल बनाउने मेसिन शिक्षक पनि समुदायकै व्यक्ति हुन् । विद्यालय र समुदाय विचको अन्तर सम्बन्धले शिक्षण सिकाइमा ठूलो प्रभाव पारेको हुन्छ । शिक्षक, निरीक्षक, विद्यार्थी, अभिभावक, प्र.अ., वि.व्य.स., शिक्षक अभिभावक संघ लगायत अन्य सरोकारवालाहरू विचको सम्बन्ध राम्रो भएमा विद्यालयको वातावरण राम्रो भई विद्यालयको विभिन्न व्यवस्थापन दक्ष प्रभावकारी हुन गई सिकाइमा वृद्धि हुन जान्छ ।

यस शोधपत्रको अध्ययनमा विद्यालय निरीक्षक प्राविधिक हुन नसकेको, निरीक्षण प्रणलीले शिक्षक र विद्यालय परिवारसंग सुसम्बन्ध कायम गर्न नसकेको, शिक्षकहरूको आवश्यकताको पहिचान गरी सम्बोधन गर्न नसकेको, शिक्षकहरूको पेशागत क्षमतामा अपेक्षाकृत सुधार तथा विकासका लागि सहजीकरण गर्न नसकेको, शिक्षकहरू आफ्नो पेशाप्रति जवाफदेही नभएको, लगनशील नभएको, दक्षता क्षमता बढाउन नखोजेको, पुरै घन्टी समय योजना सहीत नपढाएको र निरीक्षकलाई साधन स्रोत, सुविधाको अभाव भएको, नीतिगत समस्या रहेको, यी यस्ता कुराहरूमा सुधार ल्याउन निरीक्षण प्रणालीलाई प्रभावकारी बनाउन आवश्यक नीति, नियम, तालिम सेवा सुविधा को प्रवन्ध गर्नुपर्ने विभिन्न शोधपत्र, लेख, रचना, प्रतिवेदनबाट सुझाव प्राप्त भएकाले उक्त सुझावहरूको आधारमा विद्यालय निरीक्षण प्रणालीलाई प्रभावकारी बनाउन बल पुग्ने विश्वास गरिएको छ ।

## २.४ अवधारणात्मक खाका

यस शोध अध्ययनलाई अगाडि बढाउनका लागि निम्नानुसारको अवधारणात्मक खाकालाई उल्लेख गरिएको छ -



# परिच्छेद तीन : अध्ययन विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

यो अध्ययन परिमाणात्मक अनुसन्धान ढाँचामा आधारित छ । यसमा प्राथमिक र द्वितीय दुवै स्रोतबाट सूचनाहरू संकलन गरी विश्लेषण गरिएको छ । यसमा सुनसरी जिल्लाको १२ वटा स्रोतकेन्द्रहरू मध्ये भीमनगर स्रोतकेन्द्र अन्तर्गतका समूह विद्यालयहरूमा शिक्षण सिकाइ प्रक्रियाको स्थिति, विद्यालय निरीक्षणको स्थिति र प्रभावकारीतामा विद्यालय निरीक्षकको भूमिका कस्तो रहेको छ, त्यसले विद्यालयको शैक्षिक, भौतिक, आर्थिक लगायतका स्रोतहरूमा कस्तो प्रभाव पारेको छ इत्यादिको वारेमा नमुनागत रुपमा विद्यालयहरूको तथ्यांङ्क संकलन गरी सामान्य प्रतिशतको आधारमा तथ्यांकको विश्लेषण गरिएको छ ।

## ३.२ जनसंख्या, नमुना र नमुना छनौट रणनीति

सुनसरी जिल्लाको भीमनगर स्रोतकेन्द्रका २८ वटा सामुदायिक विद्यालयहरूमध्ये रामगंज वेलगछिया गा.वि.स. अन्तर्गत सबै तथा ५ वटा अमाही वेल्हा गा.वि.स. का केही तथा चार वटा सामुदायिक विद्यालयहरू गरी जम्मा ९ वटा विद्यालयहरूलाई उद्देश्यमूलक नमुना छनोट विधिद्वारा यस अध्ययनलाई पूरा गर्न नमुना छनौट गरियो जसको विवरण तालिका नं. १ मा प्रस्तुत छ ।

तालिका नं. १ : जम्मा जनसङ्ख्या तथा नमुना छनोटमा परेका जनसङ्ख्या

| क्र.सं. | विषय | जम्मा जनसङ्ख्या | नमुना जनसङ्ख्या | नमुना छनोट प्रक्रिया |
|---|---|---|---|---|
| १ | प्रधानाध्यापक | ९ | ५ | समान सम्भावनायुक्त |
| २ | वि.व्य.स.अध्यक्ष | ९ | ५ | समान सम्भावनायुक्त |
| ३ | शिक्षक | ७५ | ८ | समान सम्भावनायुक्त |
| ४ | विद्यार्थी | ९ | ५ | समान सम्भावनायुक्त |
| ५ | अभिभावक | ९ | ५ | समान सम्भावनायुक्त |
| ६ | स्रोतव्यक्ति, वि.नि. र शि.शि.अ. | १/१ जना गरी जम्मा ३ जना | | उद्देश्यमूलक नमुना छनोट |

नमुना छनौटमा परेका ९ वटा विद्यालयहरूमा प्र.अ., वि.व्य.स. अ. विद्यार्थी र अभिभावकहरू मध्ये ५ जना प्र.अ. ५ जना वि.व्य.स. अध्यक्ष , ५ जना विद्यार्थी र ५ जना अभिभावकहरू गरी २० जनालाई समान सम्भाव्य नमुना छनौट विधिद्वारा छनौट गरियो भने आधारभुत र माध्यमिक तह गरी जम्मा ७५ जना शिक्षकहरू मध्ये ८ जनालाई पनि समान सम्भाव्य विधि द्वारा नमुना छोट गरिएको छ । त्यसै गरी १ जना जि.शि.अ., १ जना वि.नि. र एक जना स्रोतव्यक्तिलाई पनि नमुना अध्ययनको नमुना जनसंख्याका रुपमा प्रयोग गरिएको छ ।

### ३.३ अध्ययनको क्षेत्र

यस शोधपत्रमा रामगंज बेलगछिया गाविसका ५ र अमाहिबेला गाविसका ४ वटा गरी जम्मा ९ वटा सामुदायिक विद्यालयहरूको शिक्षण अवस्था, शिक्षण सिकाइ प्रक्रिया, विद्यालय निरीक्षणको स्थिति, प्रभावकारिता, विद्यालय निरीक्षकको सरोकारवाहरूसगंको सम्बन्ध , समन्वय, सहकार्य र त्यसले विद्यालयको शैक्षिक, भौतिक, आर्थिक, व्यवस्थापकीय  लगायतका पक्षहरूमा पारेको प्रभाव, विद्यालय निरीक्षणको समस्या र त्यसका समाधानका उपायहरू अध्ययनको क्षेत्रका रुपमा लिइएको छ ।

### ३.४ तथ्याङ्क संकलनका साधनहरू

यस शोधमा निम्न साधनहरूको मद्दतबाट सूचना संकलन गरिएको छ जसको विवरण निम्नानुसार छ :

#### ३.४.१ नमुना सर्वेक्षण

यस शोध अध्ययनलाई उद्देश्यमूलक बनाउन विभिन्न विद्यालयहरूको शैक्षिक अवस्था, विद्यालय निरीक्षणको अवस्था, विद्यालय निरीक्षकको भूमिका जस्ता विषयवस्तु बारे जानकारी प्राप्त गर्न प्र.अ., वि.व्य.स.अध्यक्ष, शिक्षक, विद्यार्थी, अभिभावक जस्ता जनसङ्ख्याबाट नमुना सर्वेक्षण गरियो । जुन तालिका १ मा राखिएको छ ।

#### ३.४.२ प्रश्नावली

यस शोध अध्ययनमा प्रभावकारी शिक्षण सिकाइमा विद्यालय निरीक्षणको स्थिति/अवस्था, भूमिका र महत्त्वबारे थाहा पाउन प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक, वि.व्य.स.अध्यक्ष, स्रोतव्यक्ति, विद्यालय निरीक्षक र जि.शि.अ.लाई छुट्टाछुट्टै बन्द तथा खुल्ला प्रश्नावली तयार गरी तथ्याङ्क सङ्कलन गरिएको छ । जुन अनुसूची १ देखि ८ सम्म राखिएको छ ।

### ३.४.३ अन्तरवार्ता

यस शोध अध्ययनलाई वास्तविक तथा यथार्थ बनाउन शोधसँग सम्बन्धित विभिन्न प्रकारका तथ्याङ्कहरू प्राप्त गर्न शोधकर्ता आफैँले विभिन्न व्यक्तिहरूसँग प्रत्यक्ष अन्तर्वार्ता लिइएको छ जुन तालिका अनुसूची १ देखि ५ सम्म राखिएको छ ।

### ३.४.४ लक्षित समूह छलफल

यस शोध अध्यायनमा शोधकार्यलाई पूरा गर्नका लागि शोधार्थीले विभिन्न विषयहरूमा लक्षित समूहसँग छलफल गरी राय, सुझाव तथा मत सङ्कलन गरिएको छ ।

### ३.४.५ अवलोकन

यस शोध अध्ययनमा शोधकार्य पूरा गर्नका लागि शोधकर्ताले शोधसँग सम्बन्धित विषयहरूमा आवश्यक सूचना प्राप्त गर्न विभिन्न विद्यालय, संघ, संस्था, स्रोतकेन्द्रहरूमा आफैँ उपस्थित भई अवलोकन गरी आवश्यक सूचना प्राप्त गरिएको छ ।

### ३.४.६ अभिलेख अध्ययन

यस शोध अध्ययनमा शोधकार्य पूरा गर्न त्यससँग सम्बन्धित आवश्यक सूचनाहरू प्राप्त गर्न शोधार्थीले विभिन्न विद्यालय संघ, संस्था, स्रोतकेन्द्रको अभिलेखहरूको अध्ययन गरिएको छ ।

### ३.५ तथ्याङ्क संकलन विधि

शोधको शीर्षक प्रभावकारी शिक्षण सिकाइमा विद्यालय निरीक्षण बारे जानकारी राख्ने विभिन्न सरोकारवालाहरू तथा नमुना छनौटमा परेका प्र.अ., वि.व्य.स. अध्यक्ष, शिक्षक, विद्यार्थी, अभिभावक, जि.शि.अ., वि.नि. र स्रोतव्यक्तिहरूसंग आफै अपस्थित भई राय सुझाव संकलन गरिएको छ । राय सुझाव संकलनका लागि वन्द तथा खुला प्रश्नावलीहरूलाई वस्तुगत तथा विषयगत रुपमा विभाजन गरी लिखित रुपमा तयार गरिएको छ । प्रश्नावली भराउनका लागि आफै उपस्थित भई सरोकारवालाहरूलाई अभिमुखीकरण गराई तथ्याङ्क संकलन गरिएको छ । त्यसैगरी आवश्यकता अनुसार सरोकारवालाहरूसंग सुझाव संकलन गरिएको छ भने लक्षित समूहहरू बीच छलफल अन्तर्क्रिया गरी राय सुझाव संकलन गरिएको छ । यो शोधको उद्देश्य पूरा गर्नका लागि शोधसंग सम्बन्धित विभिन्न आवश्यक कुराहरूको अवलोकन गरी तथ्यांक संकलन गरिएको छ भने शोधसंग आवश्यक तथ्यांकहरू संकलन गर्न विभिन्न विद्यालयहरूको शिक्षक स्टाफ बैठक निर्णय, वि व्य स, सि. अ. संघ निर्णयको

अध्ययन गरिएको छ भने विभिन्न विद्‌वानहरूको लेख, जर्नल आदिको अध्ययनबाट पनि आवश्यक तथ्यांकहरू संकलन गरिएको छ। तथ्याङ्क संकलन विधि विवरण निम्न तालिकामा छ।

तालिका २ : तथ्यांक संकलन विधिको विवरण

| क.स. | साधनहरू | सम्पर्क गरिएका व्यक्तिहरू | संचालित प्रक्रिया | कसरी | कैफियत |
|---|---|---|---|---|---|
| १. | प्रश्नावली | प्र.अ. | भराउने कार्य | एकल | |
| २ | प्रश्नावली | वि.व्य.स. अध्यक्ष | भराउने कार्य | एकल | |
| ३ | प्रश्नावली | शिक्षक | भराउने कार्य | एकल | |
| ४ | अन्तरवार्ता (खुल्ला) | विद्यार्थी | टिपोट गर्ने काम | एकल | |
| ५ | सामुहिक छलफल | अभिभावक | टिपोट गर्ने काम | एकल | |
| ६ | प्रश्नावली | स्रोतव्यक्ति | भराउने कार्य | एकल | |
| ७ | प्रश्नावली | विद्याय निरीक्षक | भराउने कार्य | एकल | |
| ८ | प्रश्नावली | जि.शि.अ. | भराउने कार्य | एकल | |
| ९ | विद्यालय, शैक्षिक तालिम केन्द्र, स्रोतकेन्द्र, अन्य निकाय | अभिलेख राख्ने व्यक्ति | टिपोट गर्ने काम | एकल | |

तथ्याङ्क संकलनको क्रममा प्रयोग गरिएका साधानहरू प्रश्नावली, अन्तरवार्ता, सामूहिक छलफलका लागि तोकिएको मिति र स्थानमा सारोकारवालाहरूलाई भेला गराइ कार्य सम्पन्न गरिएको छ। साथै विभिन्न प्रकारका अभिलेखहरू आफै उपस्थित भई तथा सहभागी भई टिपोट गरी सङ्कलन गरिएको छ।

### ३.६ तथ्याङ्क विश्लेषण विधि

शोधको क्रममा प्राप्त विभिन्न प्रकारका प्राथमिक तथा द्वितीय तथ्याङ्कको व्याख्या तथा विश्लेषण गरियो। तथ्याङ्क मूलतः गुणात्मक रुपमा भएकाले वर्णनात्मक, विवरणात्मक, व्याख्यात्मक तथा तुलनात्मक तरीकाले तथ्याङ्कलाई प्रस्तुत गर्दै तथ्याङ्कहरूलाई उपयुक्त शीर्षकमा राखिएको छ। तथ्याङ्कलाई सरल र बोधगम्य बनाउन आवश्यकतानुसार तालिकीकरण गरी प्रतिशत निकाली व्याख्या विश्लेषण गरिएको छ।

## परिच्छेद चार : नतिजाको छलफल

यस परिच्छेदमा सुनसरी जिल्लाको भीमनगर स्रोतकेन्द्र अन्तर्गतका रामगंज वेलगछिया गा.वि.स. का ५ वटा र अमाही वेल्हा गा.वि.स.का ४ वटा समुदायिक गरी ९ वटा सामुदायिक विद्यालयहरूको स्थलगत सर्वेक्षणबाट प्रात तथ्याङ्कहरूको प्रस्तुती, व्याख्या तथा विश्लेषण गरिएको छ । यस व्याख्या विश्लेषणमा प्राथमिक तथा द्वितीय तथ्यांकहरूको सहयोग लिइएको छ । उपरोक्त लिखित ९ वटा सामुदायिक विद्यालयहरूको शिक्षण अवस्था, शिक्षण सिकाइ प्रक्रिया, विद्यालय निरीक्षणको स्थिति, प्रभावकारीता, विद्यालय निरीक्षकको सरोकारवालाहरू संगको सम्बन्ध समन्वय सहकार्य र त्यसले विद्यालयको शैक्षिक, भौतिक, आर्थिक लगायत सर्वोङ्गिण पक्षहरूमा पारेको प्रभावहरूलाई छुट्टा-छुट्टै शीर्षक र उप शीर्षक अन्तर्गत समेटी व्याख्या तथा विश्लेषण गरिएको छ ।

### ४.१ विद्यालयहरूको शिक्षण सिकाइ कियाकलापको वर्तमान अवस्था

#### ४.१.१ विद्यालयमा सहभागिता र कामको अवस्था

यस शोध अध्ययनमा छनौटमा परेका ९ वटा विद्यालयहरूको स्थलगत अध्ययन गरी ती विद्यालयहरूको शैक्षिक अवस्था र शिक्षण प्रक्रिया बारे वस्तुस्थिति पत्ता लगाउन जम्मा ७ वटा शीर्षकमा अध्ययन गरी वस्तुस्थिति पत्ता लगाइयो जुन तालिका ३ मा देखाइएको छ ।

तालिका ३ : विद्यालयमा सहभागिता र कामको अवस्था

| क्र.सं. | कामको शीर्षक | सहभागी | काम | अवस्था प्रतिशतमा |
|---|---|---|---|---|
| १ | पुरै घन्टी पठाइ हुने | शिक्षक | अध्यापन | ७५% |
| २ | गृह कार्य दिने | शिक्षक | गृहकार्य दिने | ६०% |
| ३ | गृहकार्य परीक्षण गर्ने | शिक्षक | गृहकार्यको परीक्षण | ३५% |
| ४ | समयमा परीक्षाफल प्रकाशन गर्ने | प्र.अ. शिक्षक | परीक्षाफल प्रकाशन | ६०% |
| ५ | कक्षा कार्य र विद्यार्थी सहभागीता | शिक्षक विद्यार्थी | कक्षाकार्य र सहभागीता | ६५% |
| ६ | शिक्षामा तालिमको प्रयोग | शिक्षक | शिक्षण | ६५% |
| ७ | विद्यालय आचार संहिताको प्रयोग | शिक्षक, विद्यार्थी, प्र.अ. र अन्य सरोकारवाला | अचार संहिताको प्रयोग | ६०% |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

उपरोक्त तालिका ३ मा पुरै घन्टी पठाइ हुने अवस्था ७५ प्रतिशत रहेको छ । गृहकार्य दिने अवस्था ६० प्रतिशत, गृहकार्य परीक्षण गर्ने अवस्था ३५ प्रतिशत, समयमा परीक्षाफल प्रकाशन गर्ने ६० प्रतिशत, कक्षा कार्य र विद्यार्थी सहभागीता ६५ प्रतिशत, शिक्षणमा तालिमको प्रयोग ६० प्रतिशत रहेको छ भने विद्यालय आचार संहिताको प्रयोग ६५ प्रतिशत रहेको अवस्था पाइयो । उपर्युक्त तालिकाको शैक्षिक अवस्थालाई हेर्दा विद्यालयहरूको शैक्षिक अवस्था, शिक्षण प्रक्रिया संतोष जनक नरहेको र यसमा तत्काल सुधारका लागि ठोस तथा प्रभावकारी कदम चाल्नुपर्ने देखिन्छ ।

### ४.१.२ विद्यालयमा विभिन्न वैठक, भेला तथा दिवस विवरण

यस शीर्षकको अध्ययनका लागि विभिन्न वैठक, भेला तथा दिवसलाई विभिन्न ५ शीर्षकमा राखी स्थलगत अध्ययन गरिएको छ जुन तालिका ४ मा देखाइएको छ ।

तालिका ४ : विद्यालयमा विभिन्न बैठक, भेला तथा दिवस विवरण

| क्र. सं. | विद्यालयको नाम | वि.व्य.स. गठन | | वि.व्य.स. बैठक | | शि.अ.सं. गठन | | शि.अ.सं. बैठक | | शि.स्टाफ बैठक | | आमा भेला | | अभिभावक दिवस | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सं | प्रतिशत | सं | प्रतिशत | सं | प्रतिशत | सं | प्रतिशत | सं | प्रतिशत | सं | प्रतिशत | सं | प्रतिशत |
| १ | श्री रामसीता उ.मा.वि. | १ | १०० | १९ | ३१६ | १ | १०० | ४ | १०० | १८ | १५० | २ | ५० | १ | १०० |
| २ | श्री सा.रा.नि.मा.वि. रा.बे. | १ | १०० | ९ | १५० | १ | १०० | २ | ५० | १३ | १०८ | - | - | - | - |
| ३ | श्री लक्ष्मी प्रा.वि. रा.बे | १ | १०० | ३ | ५० | १ | १०० | ३ | ७५ | १२ | १०० | १ | २५ | - | - |
| ४ | श्री नवदुर्गा मा.वि. रा.वे.१ | १ | १०० | १३ | २१६ | १ | १०० | १३ | ३२५ | १४ | ११६ | - | - | - | - |
| ५ | श्री नवज्योती | १ | १०० | ६ | १०० | १ | १०० | ३ | ७५ | १२ | १०० | १ | २५ | - | - |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | रा.वे.९ | | | | | | | | | | | | | | |
| ६ | श्री सा.रा.प्रा.वि. अ.बे. ७ | १ | १०० | १२ | २०० | १ | १०० | २ | ५० | १० | ८३ | १ | २५ | - | - |
| ७ | श्री महेन्द्र प्रा.वि. अ.बे ५ | - | - | - | - | - | - | - | - | १० | ८३ | - | - | - | - |
| ८ | श्री ने.रा.उ.मा.वि. अ.बे २ | १ | १०० | १ | १६ | १ | १०० | ४ | १०० | १० | ८३ | १ | २५ | - | - |
| ९ | श्री कोशी प्रा.वि. अ.बे ८ | १ | १०० | १२ | २०० | १ | १०० | ४ | १०० | ६ | ५० | १ | २५ | १ | १०० |
| | जम्मा | | ८८.८८ | | १५६ | | ८८.८८ | | ९६.८७ | | ९७ | | १९.४४ | | २२.२२ |

स्रोत : स्थलगत अध्ययन तथा विद्यालय अभिलेख, २०७१

उपर्युक्त तालिका ४ मा छनौटमा परेका ९ वटै विद्यालयहरूको स्थलगत अध्ययनबाट तथा विद्यालयले फाराम भरी पठाएको विवरणबाट प्राप्त तथ्यांकलाई समेटीएको छ । जसमा वि.व्य.स. गठन ८८.८८ प्रतिशत र बैठक १५६ प्रतिशत रहेको छ । एउटा विद्यालय वाहेक सबैमा वि.व्य.स. गठन भएको पाइयो भने अधिकांशमा शिक्षा नियमावलीमा उल्लेख भए भन्दा वढी वि.व्य.स. बैठक भएको पाइयो । अध्ययनको क्रममा लक्ष्मी प्रा.वि.मा शै.सत्रको उत्तरार्धमा वि.व्य.स. गठन भएको र ३ पटक मात्र वैठक भएको पाइयो भने ने.रा.उ.मा.वि.मा १ पटक मात्र समग्रमा वि.व्य.स. को सक्रियता बढी रहेको वैठक संख्याबाट देखिन्छ । त्यसै गरी शिक्षक अभिभावक संघ को गठन ८८.८८ रहेकोमा बैठक ९६.८७ प्रतिशत बसेको पाइन्छ ।

अध्ययनका क्रममा शिक्षा नियमावलीले कम्तीमा ३ महिनामा १ पटक शि. अ. संघको बैठक बस्ने भनिएको भए पनि नवदुर्गा मा.वि. रा.वे.१.मा तीनपटक बढी बैठक बसेको तर शि.अ.संघको निर्णयहरू कार्यान्वयन कम भएको पाइयो । शिक्षक स्टाफ बैठकको हकमा समग्रमा ९७ प्रतिशत शिक्षक स्टाफ बैठक बसेको देखियो भने अधिकांश विद्यालयहरूमा शिक्षक स्टाफ बैठक शिक्षण सिकाइ सुधारका लागि भन्दा पनि वढी विद्यालयको भौतिक, आर्थिक पक्षमा केन्द्रित रहेको पाइयो ।

त्यसै गरी आमा भेला, न्यूनतम रुपमा १९.४४ प्रतिशत मात्र बसेको , रहको पाइयो जस्ले गर्दा विद्यालयहरूमा महिला अभिभावक तथा आमाहरूको सक्रियता कम देखियो । त्यस्तै अधिकांस विद्यालयहरूले अभिभावक दिवस नगरेको पाइयो । ९ वटामा २ वटा विद्यालयले मात्र अभिभावक दिवस गरेको पाइयो ।

अध्ययनको क्रममा विद्यालयहरूले अभिभावक दिवशलाई वोझको रुपमा, शिक्षकहरूको कमजोरी खोल्ने रुपमा, प्र.अ. तथा वि.व्य.स. को कार्यको निन्दा गर्ने रुपमा लिएको पाइयो जस्ले गर्दा विद्यालयको पहुँच भन्दा अभिभावक टाढा रहेको, विद्यालयमा अभिभावकको चासो सक्रियता, सहयोग कम रहेको पाइयो जुन गुणात्मक शिक्षणको लागि नराम्रो भएकोले विद्यालयमा अभिभावक र अन्य सरोकारवालाहरूको सहभागीता सक्रियता सहयोगमा वृद्धि गर्नु अनिवार्य देखिन्छ ।

### ४.१.३ विद्यालयहरूको शिक्षक, विद्यार्थी उपस्थिति विवरण

यस शोध अध्ययनको उद्देश्य पूरा गर्नका लागि नमुना छनोटमा परेका विद्यालयहरूको शिक्षक, विद्यार्थी उपस्थितिको अवस्थाको पहिचान गर्नु आवश्यक ठानी स्थलगत अध्ययनबाट नमुना छनोटमा परेका विद्यालयहरूको शिक्षक विद्यार्थी उपस्थिति विवरण निकाल्ने काम गरियो जुन तालिका -५ मा देखाइएको छ ।

तालिका ५ : विद्यालयहरूको शिक्षक, विद्यार्थी उपस्थित सम्बन्धी विवरण

| क्र. सं. | विद्यालय | औषत विद्यार्थी प्रतिशत | | | | औषत शिक्षक प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | नियमित | औषत ७० प्रतिशत भन्दा बढी | औषत ५०-७० प्रतिशत | औषत ५० प्रतिशत भन्दा घटी | नियमित | औषत ७० प्रतिशत भन्दा बढी | औषत ५०-७० प्रतिशत | औषत ५० प्रतिशत भन्दा घटी |
| १ | श्री रामसीता | ७५ | १० | ५ | १० | ८० | १५ | ५ | - |
| २ | श्री सा.रा.नि.मा.वि.रा.बे. | ७० | २० | ५ | ५ | ७० | १५ | १५ | - |
| ३ | श्री लक्ष्मी प्रा.वि. | ६० | ३० | ६ | ४ | ७५ | १० | १५ | - |
| ४ | श्री नवदुर्गा मा.वि. | ७५ | १० | ५ | १० | ७० | १० | २० | - |
| ५ | श्री नवज्योती | ७० | १० | १० | १० | ७० | १५ | १५ | - |
| ६ | श्री सा.रा.प्रा.वि. अ.बे. | ७५ | १५ | ५ | ५ | ७५ | १० | १० | - |
| ७ | श्री महेन्द्र प्रा.वि. | ३० | २० | १० | ४० | ७० | १० | १० | - |
| ८ | श्री ने.रा.उ.मा.वि. | ८० | १० | ५ | ५ | ८० | ५ | ५ | - |
| ९ | श्री कोशी प्रा.वि. | ७० | १५ | १० | ५ | ७० | १० | १० | - |
| | औषतमा | ६७.२२ | १५.५५ | ६.२२ | १०.४४ | ७३.३३ | १५ | ११.६६ | |

स्रोत : स्थलगत अध्ययन तथा विद्यालय अभिलेख, २०७१

स्थलगत अध्ययन गरी संकलित तथ्यांकलाई प्रशोधन गरी तयार पारिएको यो तालिका ५ मा औषत विद्यार्थी उपस्थिति नियमित ६७.२२ रहेको छ । त्यसैगरी ७० प्रतिशत भन्दा वढी विद्यार्थी उपस्थिति १५.५५ रहेको छ भने ५०-७० प्रतिशत विद्यार्थी उपस्थिति ६.२२ रहेको छ । त्यसै गरी औषत ५० प्रतिशत भन्दा कम विद्यार्थी उपस्थिति १०.४४ रहेको पाइयो । अध्ययनबाट करीब १६.६६ प्रतिशत विद्यार्थीहरूको उपस्थिति ७० प्रतिशत भन्दा कम देखिन जान्छ, जुन गुणस्तरीय शिक्षाका लागि र

साथै विद्यार्थीलाई कक्षा उकास्न समेतका लागि अनिवार्य हुन्छ । यस्तो अवस्थामा विद्यालयहरूले विद्यार्थी नियमित उपस्थितिका लागि ठोस र प्रभावकारी कदम चाल्नु गर्ने देखिन्छ ।

अध्ययनका क्रममा यी १६.६६ प्रतिशत कम विद्यार्थी उपस्थितिमा पनि गरीब पछाडि पारिएका समुदायका त्यसमा पनि छात्राहरूको संख्या वढी पाइएकाले त्यस्ता समुदायका विद्यार्थीहरूको उपस्थिति वृद्धिका लागि सम्पूर्ण सरोकारवालाहरूको सक्रिय सहयोग र भूमिकाको खाँचो देखिन्छ । त्यसै गरी यी विद्यालयहरूको शिक्षकहरूको औषत उपस्थितिको अध्ययन गर्दा ७३.३३ प्रतिशत शिक्षकहरू नियमित रहेको १५ प्रतिशत शिक्षकहरू औषत ७० भन्दा बढी प्रतिशत उपस्थिति रहेको र ११.६६ प्रतिशत शिक्षकहरूको ५०-७० प्रतिशत उपस्थिति रहेको पाइयो भने ५० प्रतिशत भन्दा कमी उपस्थितिको कुनै शिक्षक पाइएन । शिक्षकहरूको उपस्थितिलाई विश्लेषण गर्दा झण्डै ११.६६ प्रतिशत शिक्षकहरूको उपस्थिति ७० प्रतिशत भन्दा कम देखिन्छ र अध्ययनको क्रममा यि ११.६६ प्रतिशत भन्दा कम शिक्षकहरू कोही विदामा, कोही तालिम र कोही अन्य कामकाजमा रहेको पाइयो । शिक्षकहरूको उपस्थितिलाई नियमित अनि शिक्षकहरूमा पेशागत जिम्मेवारीको वोध गराउनु पर्ने देखिन्छ ।

### ४.१.४ शैक्षिक व्यवस्थापनको अवस्था

#### ४.१.४.१ विद्यालयहरूको शैक्षिक व्यवस्थापनको अवस्था

शोध अध्ययनका लागि नमुना छनोट गरिएका विद्यालयहरूको शैक्षिक व्यवस्थापनको अवस्था थहा पाउनु जरुरी महसुस गरी विद्यालयहरूको विभिन्न क्रियाकलापहरू तथा व्यवस्थापन पक्षहरूलाई जम्मा ७ शीर्षकमा विभाजन गरी तथ्याङ्क संकलन गरी विद्यालयहरूको अवस्था वारे थाहा पाइयो जुन, तालिका ६ मा देखाइएको छ ।

तालिका ६ : विद्यालयहरूको शैक्षिक व्यवस्थापनको अवस्था

| क्र. सं. | विद्यालयको नाम | शै.सा. निर्माण तथा खरिद | | पा.,शि.नि., सं.सा.खरिद र प्रयोग | | कम्प्युटर र कं शिक्षाको व्यवस्था | | छात्रवृत्ति विवरण | | विद्यार्थी अनुसार शिक्षकको व्यवस्था | | अतिरिक्त क्रि. र पुरस्कार वितरण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सं | प्रतिशत | सं | प्रतिशत | सं | प्रतिशत | सं | प्रतिशत | सं | प्रतिशत | सं | प्रतिशत |
| १ | श्री रामसीता उ.मा.वि. | ३ | ७५ | ३ | ९० | १ | १०० | १ | १०० | २० | १०० | १५ | ८० |
| २ | श्री सा.रा.नि.मा. वि. रा.बे. | १ | ५० | २ | ९५ | १ | १०० | १ | १०० | ४ | ५० | ४ | ५० |
| ३ | श्री लक्ष्मी प्रा.वि. रा.बे | १ | ५५ | १ | ९० | १ | १०० | १ | १०० | ४ | १०० | १२ | ७५ |
| ४ | श्री नवदुर्गा मा.वि. रा.वे.१ | १ | ६० | १ | ९० | १ | १०० | १ | १०० | ३ | ४६ | ५ | ५० |
| ५ | श्री नवज्योती रा.वे.९ | १ | ४० | १ | ८० | १ | १०० | १ | १०० | २ | ३० | ५ | ४५ |
| ६ | श्री सा.रा.प्रा.वि. अ.बे. ७ | २ | ५५ | १ | ८० | १ | १०० | १ | १०० | ४ | १०० | ७ | ६० |
| ७ | श्री महेन्द्र प्रा.वि. अ.बे ५ | १ | ४० | १ | ८५ | - | - | १ | १०० | ३ | १०० | २ | ३० |
| ८ | श्री ने.रा.उ.मा.वि. अ.बे २ | २ | ७५ | १ | ९५ | १ | १०० | १ | १०० | १७ | १०० | ६ | ५० |
| ९ | श्री कोशी प्रा.वि. अ.बे ८ | २ | ६० | १ | ९० | १ | १०० | १ | १०० | ४ | १०० | १२ | ८५ |
| | जम्मा | | ५६.६६ | | ८८.३३ | | ८८.८८ | | १०० | | ८० | | ५८.३३ |

स्रोत : स्थलगत अध्ययन तथा विद्यालय अभिलेख, २०७१

यस तालिका ६ मा शैक्षिक सामग्री निर्माण तथा खरीद शीर्षकको अवस्था ५६.६६ रहेको देखियो। अध्ययनको क्रममा प्रत्येक विद्यालयले शैक्षिक सामग्री खरीद गरेको र प्रयोग गरिको देखिए पनि पुग्ने जति शैक्षिक सामग्री खरीद नगरेको र खरीद गरेकोलाई पनि सतप्रतिशत प्रयोग नगरेको पाइयो साथै शैक्षिक सामग्रीको जतन पनि राम्ररी नगरेको  पाइयो। स्थानीय र खर्च नपर्ने सामग्रीको संख्या

बढी पाइयो । त्यसैगरी सबै विद्यायहरूले पाठ्यपुस्तक खरीद गरेता पनि सबै विद्यार्थीहरूलाई पुग्ने गरी नयाँ पाठ्यपुस्तक खरीद नगरेको केही विद्यार्थीहरूलाई पुरोनो पाठ्यपुस्तक पनि दिएको पाइयो । समग्रमा ८८.३३ प्रतिशत विद्यार्थीलाई सबै पाठ्यपुस्तक पुगेको पाइयो भने पाठ्यपुस्तकको विद्यार्थीहरूबाट राम्ररी जतन नगरेको पाइयो ।

खास गरी तल्लो कक्षाहरू कक्षा ६ सम्मका विद्यार्थीहरूको पाठ्यपुस्तक मध्ये झण्डै २५ प्रतिशतका पाठ्यपुस्तकहरू जिल्द विनाको केही पानाहरू च्यातिएको पाइयो । त्यसैगरी पाठ्क्रम र शिक्षक निर्देशका र सन्दर्भ सामग्रीको खरिद र प्रयोग २८.८८ प्रतिशत मात्र पाइयो भने खरिद गरेको उक्त सामग्रीको जतन राम्ररी नगरेको पाइयो । धेरै विद्यालयहरूमा पाठ्यक्रम र शिक्षक निर्देशिका दराजमा किराले खाएको अवस्थामा रहेको पाइयो । कक्षा ६, ७, र ८ मा कम्प्यूटर शिक्षा विद्यालयहरूले लगाएको देखिए पनि उक्त शिक्षा सैद्धान्तिक मात्र रहेकाले कम्प्यूटर शिक्षण गरेको देखिँदैन । एउटा विद्यालयले मात्र १ जना कम्प्यूटर शिक्षकको व्यवस्था गरेको देखिन्छ । केही विद्यालयमा सूचना संचार प्रविधि कार्यक्रम अन्तर्गत सरकारले रकम उपलब्ध गराए पनि विद्यालयले कम्प्यूटर खरिद गरी प्रयोगमा ल्याएको नदेखिएको अवस्था छ ।

विद्यालयहरूले सरकारले उपलब्ध गराए अनुसार सबै विद्यार्थीहरूलाई छात्रवृति वितरण गरेको देखिन्छ भने विद्यार्थी अनुसार शिक्षकको व्यवस्था ८०% विद्यार्थी अनुसार शिक्षकको व्यवस्था गरेको पाइयो । ६ वटा विद्यालयहरूमा सतप्रतिशत विद्यार्थी अनुसार शिक्षक रहेको पाइयो भने ३ वटा विद्यालयहरूमा विद्यार्थी अनुसार शिक्षकको व्यवस्था भएको पाइएन । यी तीन विद्यालयमा २ वटा नि.मा.वि. र १ वटा प्रस्तावित मा.वि. रहेको छ जहाँ शिक्षक दरवन्दी कम भएकाले विद्यालयले आफ्नै कोषबाट तलब खुवाउने गरी शिक्षकको व्यवस्था गर्न सकेको देखिदैन । त्यसै गरी अतिरिक्त क्रियाकलापको सन्दर्भमा ५८.३३ प्रतिशत अतिरिक्त क्रियाकलाप र पुरुस्कार वितरण भएको पाइयो ।

अध्ययनका क्रममा प्रायः जसो विद्यालयहरूमा गैर सरकारी संस्था खासगरी RSDC र CMC जस्ता संस्थाहरूले सहयोगमा अतिरिक्त क्रियाकलाप र पुरुस्कार वितरणको व्यवस्था गरेको पाइयो । उपरोक्त तालिकाको आधारमा विद्यालयहरूको शैक्षिक व्यवस्थापन प्रभावकारी नरहेको, पाठ्क्रम र शिक्षक निर्देशिका प्रयोगमा तत्काल बढी ध्यान दिनु जरुरी देखिन्छ यसका लागि विद्यालय निरीक्षणको अति जरुरी देखिन्छ ।

## ४.२ विद्यालय निरीक्षणको अवस्था

### ४.२.१ विद्यालय निरीक्षणको स्थिति

प्रस्तुत शीर्षकको वास्तविक अवस्था पहिचान गर्न छनौटमा परेका विद्यालयहरूको स्थलगत अध्ययनको क्रममा २ जना प्र.अ., २ जना शिक्षक, २ जना विद्यार्थी, २ जना वि.व्य.स. र २ जना अभिभावक गरी जम्मा १० जनासंग विचार लिइएको थियो जुन तालिका ७ मा देखाइएको छ ।

तालिका ७ : विद्यालय निरीक्षणको स्थिति र प्रभावकारी शिक्षण सिकाइमा विद्यालय निरीक्षकको भूमिका

| क्र.स. | सम्पादित हुने क्रियाकलापहरू | प्राप्त विचार | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | प्र.अ. | शिक्षक | वि.व्य.स. | विद्यार्थी | अभिभावक | औषत |
| १ | कक्षा अवलोकन, पृष्ठपोषण र शिक्षकलाई शिक्षणमा सहजीकरण | १० | १५ | ८ | १२ | १० | ११ |
| २ | सामान्य निरीक्षण र नीति नियमको कार्यान्वयन | ५० | ४० | ५५ | ६२ | ३१ | ४७.६ |
| ३ | शिक्षक, विद्यार्थी विच अन्तरक्रिया, छलफलमा सहभागी | २५ | २२ | २५ | ३४ | ३० | २७.२ |
| ४ | अभिभावक छफफल अन्तरक्रियामा सहभागी | १५ | १२ | १५ | १५ | २० | १५.४ |
| ५ | वि.व्य.स., शिक्षक स्पाफ वैठकमा सहभागी र छलफल | २५ | ३० | २५ | १५ | ३० | २५ |
| ६ | शिक्षक तालिम | ३० | ४० | ३५ | १५ | १७ | २७.४ |
| ७ | अभिभावक भेला र दिवशमा सहभागी | २५ | ३६ | ३० | २४ | २५ | २८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | वि.व्य.स. क्षमता विकासमा सहयोग | ३० | ४० | ३५ | २५ | ४० | ३४ |
| ९ | परीक्षाफल विश्लेषण र पृष्ठपोषण | १५ | १८ | १२ | १५ | २१ | १५ |
| १० | स्रोत व्यवस्थापन | २८ | ४५ | ४० | ५६ | ३५ | ४०.८ |

स्रोत : स्थलगत अध्ययन, २०७१

उपरोक्त तालिकामा माथि उल्लेखित विचारदाताहरूको विचारको औषत प्राप्ताङ्क निकाल्दा कुनै पनि पक्षमा उल्लेखनीय प्रगति भएको देखिदैन । सबै भन्दा कम निरीक्षण तथा सुपरिवेक्षण कक्षा अवलोकन पृष्ठपोषणमा र शिक्षकलाई शिक्षणमा सहजीकरण गर्नेमा ११ प्रतिशत देखिन्छ भने सबै भन्दा बढी सामान्य निरीक्षण र नीति नियमको कार्यान्वयनमा ४७.६ प्रतिशत रहेको पाइयो । उपरोक्त लिखित तालिकाबाट प्राप्त विचारको आधारमा विद्यालय निरीक्षणको मौजुदा अवस्था शैक्षिक क्षेत्रको संतोषजनक प्रगति हुन नसक्ने देखिन्छ तसर्थ शैक्षिक प्रगति तथा गुणात्मक शिक्षाका लागि विद्यालय निरीक्षण कार्यलाई तत्काल प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

### ४.२.२ विद्यालय निरीक्षणको किसिम र अवस्था

सामुदायिक विद्यालयहरूमा विद्यालय निरीक्षण कुन-कुन किसिमले हुने गरेको छ र ती किसिमको प्रतिशत कस्तो रहेको छ जान्नका लागि विभिन्न सरोकारवालाहरूलाई वहुवैकल्पिक प्रश्नावली तयार गरी विचार संकलन गरियो । जुन तालिका ८ मा देखाइएको छ ।

तालिका ८ : विद्यालय निरीक्षण विवरण

| क.स. | निरीक्षणको किसिम | प्राप्त विचार | विचार प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | पूर्व जानकारी सहतिको | २ | ११ | |
| २ | अपर्झट | ५ | ६२ | |
| ३ | नियमित | ३ | १६ | |
| ४ | आमन्त्रित | ३ | ११ | |
| जम्मा | | १३ | १०० | |

स्रोत : स्थलगत अध्ययन, २०७१

प्रस्तुत तालिकामा पूर्व जानकारी सहितको निरीक्षण ११ प्रशित हुने गरेको, अपर्झट ६२ प्रतिशत, नियमित १६ र आमन्त्रित ११ प्रतिशत देखिएकोमा अपर्फट निरीक्षण ६२ प्रतिशत हुने गरेको तथ्यबाट निरीक्षण शिक्षण सुधारको लागि भन्दा पनि कमजोरी पत्ता लगाउने, डर त्रास देखाउने प्रवृतिको रहेको पाइन्छ जवकी निरीक्षण शिक्षणमा सहजीकरण तथा सुधारको लागि हुनु पर्छ यसको लागि नियमित र आमन्त्रित निरीक्षणको प्रकार प्रतिशत वढ्नु आवश्यक हुन्छ ।

### ४.२.३ निरीक्षणको दृष्टिकोण

निरीक्षण प्रतिको सरोकारवालाहरूको विचार कस्तो रहेको छ थाहा पाउन विभिन्न सरोकारवालाहरू संग अन्तरवार्ता लिई विचार संकलन गरियो जुन तालिका ९ मा देखाइएको छ ।

तालिका ९ : निरीक्षणप्रति सरोकारवालाको दृष्टिकोण

| क्र.स. | निरीक्षणको किसिम | प्राप्त विचार | विचार प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | कमजोरी पत्तालगाउने | ३ | ७ | |
| २ | डर त्रास देखाउन | २ | ६ | |
| ३ | सामान्य अवलोकन गर्न र नियम पालना गराउन | ३ | ५० | |
| ४ | शिक्षकको कार्य मूल्यांकन गर्न | २ | ९ | |
| ५ | शिक्षणमा सुधार ल्याउन | ३ | १२ | |
| ६ | शिक्षकलाई सहजीकरण गर्न | ४ | ११ | |
| ७ | विद्यालयको सर्वाङ्गिण पक्षमा सहयोग गर्न | २ | ५ | |
| | जम्मा | १९ | १०० | |

स्रोत : स्थलगत अध्ययन , २०७१

प्रस्तुत तालिकामा सबैभन्दा वढी मत तथा विचार सामान्य अवलोकन गर्न र नीति नियम पालना गराउनमा ५० प्रतिशत मत प्राप्त भयो भने सबै भन्दा कम ५ प्रतिशत विद्यालयको सर्वाङ्गिण पक्षमा सहयोग गर्नमा प्राप्त भएको छ। त्यसै गरी डरत्रासमा ६, कमजोरी पत्ता लगाउनुमा ७ रहेको छ भने शिक्षकको कार्यमूल्यांकनमा ९, शिक्षकलाई सहजीकरणमा ११ र शिक्षणमा सुधार ल्याउन १२ प्रतिशत प्राप्त भयो यसबाट के देखिन्छ भने आफै पनि विद्यालय निरीक्षण प्रशासनिक रहेको छ जवकी शिक्षण सुधारका लागि निरीक्षण सुपरिवेक्षण प्रकृतिको हुनु पर्छ। खास गरी शिक्षण सुधार र शिक्षकलाई सहजीकरणका लागि निरीक्षण हुनु पर्दछ।

### ४.२.४ निरीक्षण प्रभावकारी नहुनुका कारणहरू

सामुदायिक विद्यालयहरूको निरीक्षण प्रभावकारी नरहेको तथ्यलाई मध्यनजर गर्दै सोको जिम्मेवार पक्षहरू पत्ता लगाउन विभिन्न व्यक्तिहरू तथा सरोकारवालाहरूको विचार संकलन गरियो जुन तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १० : निरीक्षण प्रभावकारी नहुनुका कारण सम्बन्धी विवरण

| क्र.स. | निरीक्षण प्रभावकारी नहुनुमा जिम्मेवार पक्षहरू | प्राप्त प्रतिक्रिया र संख्या | प्राप्त प्रतिशत |
|---|---|---|---|
| १ | निरीक्षक | ५ | ६० |
| २ | जि.शि.अ. र कार्यालयको कार्यवोझ | ३ | १३ |
| ३ | शिक्षक/विद्यार्थी | २ | ११ |
| ४ | तालिम, सुरक्षा तथा सेवा सुविधा अभाव | ३ | ५ |
| ५ | प्र.अ. | २ | ११ |
| जम्मा | | १५ | १०० |

स्रोत : स्थलगत अध्ययन , २०७१

प्रस्तुत तालिकामा निरीक्षण प्रभावकारी नहुनुमा विद्यालय निरीक्षक ६० प्रतिशत जिम्मेवार भएको देखिन्छ जुन प्राप्त विचार तथा प्रतिक्रियाको सबै भन्दा वढी मत हो भने शिक्षक, विद्यार्थी ५ प्रतिशत जिम्मेवार रहेको मत प्राप्त भएको छ । यसरी विद्यालय निरीक्षण प्रभावकारी नहुनुमा सबै पक्षहरू जिम्मेवार भए पनि वि.नि. स्वयम् आफै ६० प्रतिशत जिम्मेवार देखिन्छ ।

### ४.३ प्रभावकारी शिक्षण सिकाइमा विद्यालय निरीक्षकको भूमिका

भययुक्त वातावरणमा भन्दा पनि भयमुक्त वातावरणको सिकाइ वढी प्रभावकारी भएको तथ्यलाई कसैले नकार्न सक्दैन । त्यसैलेहोला आज वाल मैत्री शिक्षणको जोडतो प्रयास भएको छ वालमैत्री शिक्षणको लागि सर्वत्र आवाज उठे पनि प्रयास भए पनि अझै वालमैत्री शिक्षण सतप्रतिशत ढङ्गले हुन सकेको छैन । विद्यालयहरूमा शारीरिक, मानसिक र संवेगात्मक रुपले अझै पनि

बालबालिकाहरू दण्डित भएको कैयौं घटनाहरू प्रकाशमा आइरहेको छ । यस्तो अवस्थामा विद्यालयहरूमा वालमैत्री शिक्षण एवम् दण्डरहित कक्षा सञ्चालनका लागि विद्यालय निरीक्षकको अहम् भूमिका हुँदा शिक्षकहरूलाई वालमैत्री शिक्षण कसरी गर्ने बारे तालिम दिएर छलफल अन्तरक्रिया गरेर शिक्षकको दक्षतामा वृद्धि ल्याई वालमैत्री शिक्षण, दण्डरहित कक्षा संचालन गर्न सकिन्छ तर वर्तमान परिवेशमा निरीक्षणको अभावको कारणले गर्दा शिक्षक, विद्यार्थी र वि.नि. विचको सम्पर्क सम्बन्ध,  छलफल अन्तरक्रियाको अभावको कारणले गर्दा त्यसो हुन सकेको छैन ।

### ४.३.१ उपचारात्मक सुपरिवेक्षकका रुपमा विद्यालय निरीक्षक

निरीक्षण एउटा व्यवस्थित प्रक्रिया हो । विद्यालयको सम्पूर्ण शैक्षिक कृयाकलापहरूको अध्ययन गरी यसको विकास र विस्तारका लागि गरिने प्रयास हो । वास्ववमा शिक्षकहरूको शिक्षणसंग सम्बन्धित समस्याहरूको पहिचान गरी ती समस्याहरू समाधानका लागि सहयोग पुऱ्याउनु विद्यालय निरीक्षकको मुख्य जिम्मेवारी हुन्छ । विद्यालय निरीक्षक ऐन नियम कानुनको पालना गराउने, शिक्षकका कमजोरी पत्ता लगाई कार्यवाही गर्ने, विद्यालयहरूको छड्के जाँच गर्ने रुपमा विद्यालयमा उपस्थित नभएर शिक्षकहरूको पेशागत समस्यामा सहयोग गर्न, शिक्षण सिकाइ प्रक्रियामा सहजीकरण गर्न, शिक्षकको क्षमता र दक्षतामा वृद्धि गर्न, शिक्षकको शिक्षण समस्या समाधान गर्न, शिक्षकलाई वारम्वार असल तथा प्रभावकारी शिक्षण गर्न नमुनापाठ प्रदर्शन गर्न, शिक्षकलाई हौसला वढाउन विद्यालयमा उपस्थित भएमा त्यस्तो निरीक्षणलाई उपचारात्मक सुपरिवेक्षण भन्न सकिन्छ र त्यस्ता उपचारात्मक सुपरिवेक्षणले शिक्षकको शिक्षण समस्याको पहिचान गरी समाधानका लागि सहयोग गरी प्रभावकारी शिक्षणका लागि शिक्षकलाई तयार गर्दछ तर आज वास्तवमा उपचारात्मक सुपरिवेक्षण नभएर प्रशासनीक निरीक्षण मात्र भएकाले गर्दा शिक्षण सिकाइमा उद्देश्यमूलक उपलब्धि हुन सकेको छैन ।

### ४.३.२ स्रोतव्यक्तिका रुपमा विद्यालय निरीक्षक

विद्यालयहरूको समूह बनाई एउटा समूहको विद्यालयहरूको शिक्षकलाई शैक्षिक गतिविधि संचालन गर्न, सहजीकरण, सेमिनार संचालन गर्न स्रोतकेन्द्रको स्थापना गरी त्यसमा कार्यरत उपरोक्त लिखित कार्य गर्न व्यक्तिलाई स्रोतव्यक्ति भनिए पनि कुनै पनि कुराको स्रोतका रुपमा उपस्थित व्यक्ति भन्न सकिन्छ । तसर्थ विद्यालय निरीक्षण विद्यालयको सम्पूर्ण पक्षको विकासका लागि, विकासमा सहयोग गर्नका लागि स्रोतव्यक्तिको रुपमा उभिनु पर्दछ । विद्यालय निरीक्षक शिक्षकको शिक्षण सिकाइ

समस्यामा सहजीकरण गर्ने, विषयगत समस्या समाधान गर्ने, शिक्षक, प्र.अ. विद्यार्थी, अभिभावक, वि.व्य.स., शिक्ष.अ. संघ लगायतका अन्य सरोकारवालाहरूलाई आवश्यक निर्देशन, सल्लाह, सुझाव, पृष्ठपोषण दिने स्रोतका रुपमा उभिनु पर्छ। विद्यालयमा गरिने सम्पूर्ण काम, क्रियाकलापहरू कानुन नियम सङ्गत भए नभएको हेर्न उचित सल्लाह दिने, प्रभावकारी शिक्षणका लागि उचित मार्गदर्शन गर्ने, विद्यालयको उन्नयनका लागि उचित पथप्रदर्शन गर्ने स्रोतव्यक्तिका रुपमा विद्यालय निरीक्षक प्रस्तुत हुनु पर्छ अनिमात्र शिक्षण सिकाइमा उल्लेखनीय तथा गुणात्मक विकास हुन जान्छ।

### ४.३.३ विद्यालय निरीक्षकको सरोकारवालाहरूसंग समन्वय गर्ने प्रक्रिया

विद्यालय निरीक्षकको सरोकारवालाहरूसंगको समन्वय सहकार्यले विद्यालयमा सरोकारवालाहरूको सक्रियता र सहभागिता वृद्धि हुने विद्यालयको सर्वङ्गिण विकासमा सहयोग पुग्ने साथै निरीक्षण प्रणाली समेत प्रभावकारी हुने भएको हुँदा विद्यालयहरूमा विद्यालय निरीक्षकको सरोकारवालाहरूसंगको समन्वयलाई विभिन्न ५ शीर्षकमा राखी अवस्था थाहा पाउने प्रयास गरियो जसलाई तालिका ११ मा देखाइएको छ।

तालिका ११ : विद्यालय निरीक्षकको सरोकारवालाहरूसंग समन्वय गर्ने प्रक्रिया

| क्र.स. | समन्वय गर्ने प्रक्रिया | प्र.अ. | | शिक्षक | | विद्यार्थी | | अभिभावक | | वि.व्य.स. अध्यक्ष | | स्रोतव्यक्ति | | जम्मा प्रतिशत | औषत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सं | प्रतिशत | सं | प्रतिशत | सं | प्रतिशत | सं | प्रतिशत | सं | प्रतिशत | सं | प्रतिशत | | |
| १ | स्थलगत निरीक्षण | २ | ५० | १ | २० | १ | १५ | १ | २५ | १ | २० | १ | ४० | १९० | ३१.६६ |
| २ | पत्रचार, भेला | १ | ३० | १ | २० | १ | २० | १ | १० | १ | २० | १ | २० | १२० | २० |
| ३ | भेटघाट, छलफल अन्तरक्रिया | १ | ४० | १ | २० | १ | १५ | १ | १५ | १ | ३० | १ | १० | १३० | २१.६६ |
| ४ | पारदर्शी | १ | २० | १ | ३० | १ | ३० | १ | १५ | १ | २५ | १ | ३० | १५० | २५ |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवहार | | | | | | | | | | | | | | |
| ५ | विभिन्न कार्यक्रम र सम्मान | १ | ३० | १ | २० | १ | | १ | २० | १ | २५ | १ | ३५ | १३० | २१.६६ |

स्रोत : स्थलगत अध्ययन , २०७१

उपरोक्त तालिका ११ मा ५ वटा शीर्षकमा विभिन्न समन्वय गर्ने पक्षहरूलाई समेटी अध्ययन गरियो जसमा विभिन्न सरोकारवालाहरू प्र.अ. शिक्षक, विद्यार्थी लगायतसंग छलफल अन्तरक्रिया गर्दा विद्यालय निरीक्षकले स्थलगत निरीक्षण गरेकोमा ओषत प्रतिशत ३१.६६ अंक प्राप्त गरियो । पत्राचार भेलामा २० प्रतिशत औषत अंक र विभिन्न कार्यक्रम र सम्मानमा २१.६६ प्रतिशत औषत मत प्राप्त भयो । तालिकालाई तथा तालिकामा प्राप्त अंकलाई अध्ययन गर्दा विद्यालय निरीक्षकको समन्वय प्रक्रिया न्यून रहेको देखिन्छ । एउटा विद्यालय निरीक्षक शैक्षिक अगुवा भएको कारणले गर्दा शिक्षाको गुणस्तर वृद्धिको लागि निजको सम्बन्वय प्रक्रियामा प्रभावकारीता ल्याउनु आवश्यक देखिन्छ ।

### ४.३.४ विद्यालय निरीक्षक र अन्य सरोकारवाला विच सम्बन्ध

विद्यालय निरीक्षक र अन्य सरोकारवाला विचको सम्बन्ध थाहा पाउनका लागि विभिन्न ४ शीर्षकहरूमा विभिन्न  सरोकारवालाहरू प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक लगायतका सरोकारवालाहरूसंग अन्तरवार्ता लिँदा प्राप्त भएको मत तालिका १२ मा देखाएको छ ।

तालिका १२ : विद्यालय निरीक्षक र अन्य सरोकारवालाहरू विच समन्वय सम्बन्ध

| क्र.स. | समन्वय गर्ने प्रक्रिया | प्र.अ. | | शिक्षक | | विद्यार्थी | | वि.व्य.स. | | अभिभावक | | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सं | प्रतिशत | सं | प्रतिशत | सं | प्रतिशत | सं | प्रतिशत | सं | प्रतिशत | |
| १ | सहजकर्ता तथा सुपरिवेक्षकको सम्बन्ध | २ | २ | १ | १ | १ | २ | १ | ३ | २ | २ | १० |
| २ | नियम कार्यान्वयन तथा मूल्यांकन कर्ताको सम्बन्ध | २ | १० | २ | २० | १ | ५ | १ | १० | १ | ५ | ५० |
| ३ | तालिम संचालक तथा कार्यान्वयन | १ | ५ | २ | १५ | १ | ५ | १ | २ | १ | ३ | ३० |
| ४ | शैक्षिक भेला तथा स्रोत व्यवस्थापन | १ | २ | १ | ३ | १ | ३ | १ | २ | १ | २ | १० |

स्रोत : स्थलगत अध्ययन , २०७१

प्रस्तुत तालिका १२ मा विद्यालय निरीक्षकको सहज नियमको कार्यान्वयन तथा मूल्यांकन कर्ताको सम्बन्धमा ५० प्रतिशत प्राप्त गरियो भने तालिक संचालन र कार्यान्वयनमा ३० प्रतिशत र शैक्षिक भेला तथा स्रोत व्यवस्थापनमा १० प्रतिशत विद्यालय निरीक्षक शिक्षकलाई शिक्षण सिकाइमा सहजीकरण गर्ने सहजकर्ता, सुपरिवेक्षक भएकाले निजको सहजकर्ताको सम्बन्ध १० प्रतिशत मात्र रहेको प्राप्त मतबाट विद्यालय निरीक्षकको विद्यालयमा उपस्थिति र सरोकारवाला विचको सम्बन्ध न्यून रहेको र यसैको कारणले शैक्षिक उपलब्धि अपेक्षाकृत रुपमा हुन नसेको ठम्याउन सकिन्छ । त्यसैगरी अन्य पक्षहरूको सम्बन्ध पनि तुलनात्मक रुपमा संतोष जनक देखिदैन । विद्यालय निरीक्षक शैक्षिक नेता भएको कारणले गर्दा उसको सरोकारवालाहरू संग प्रत्यक्ष र धनिष्ट सम्बन्ध हुनु पर्नेमा शैक्षिक भेला तथा स्रोत व्यव्स्थापन शीर्षकमा १० मत प्राप्त भएबाट पनि विद्यालय निरीक्षकको पदीय भूमिका कमजोर रहेको देखिन्छ, जसमा तत्काल सुधार ल्याउनु पर्ने देखिन्छ ।

## ४.४ विद्यालय निरीक्षणका समस्या तथा समाधानका उपायहरू

### ४.४.१ विद्यालय निरीक्षण पद्धतिका समस्याहरू

विद्यालय निरीक्षण पद्धतिको विकास खास गरी विद्यालयको शैक्षिक, भौतिक, आर्थिक पक्षहरूको अवस्थाको अवलोकन गरी नियम संगत रुपमा संचालन गर्न लगाउन शिक्षकको शिक्षण समस्याको पहिचान गरी प्रभावकारी शिक्षण गर्न सहजीकरण गर्न, शिक्षक, अभिभावक, विद्यार्थी लगायत अन्य सरोकारवालाहरूको व्यवस्थापकीय क्षमतामा विकास गर्न इत्यादि कुराहरूका लागि तथा शैक्षिक उन्नयनका लागि विद्यालय निरीक्षण पद्धतिको विकास भए पनि, विद्यालय निरीक्षकहरू विद्यालयमा कम जानु, गए पनि प्रशासनिक कुरा मात्र हेर्नु शिक्षकलाई सहजीकरण नगर्नु, शिक्षक, विद्यार्थी, अभिभावकसंग भेटघाट नगर्नु, छलफल नगर्नु, शिक्षक वैठकमा, वि.व्य.स. बैठकमा, अभिभावक भेला र दिवशमा सहभागी नहनु जस्ता समस्याहरू निरीक्षण पद्धतिमा रहेको तथ्य शोध स्थलगत अध्ययनबाट प्राप्त भएको छ जसलाई तलका शीर्षकहरूमा प्रस्तुत गरिएको छ ।

#### ४.४.१.१ मानव सम्बन्धमा कमी

विद्यालयमा हुने वि.व्य.स., शिक्षक स्टाप, शि.अ. संघ बैठक, अभिभावक बैठक, भेला, दिवश, छलफल अन्तरक्रिया जस्ता कार्यक्रमहरूमा विद्यालय निरीक्षक उपस्थित हुँदैनन । अध्ययनका क्रममा श्री राम सीता उ.मा.वि. र श्री ने.रा.उ.मा.वि. को प्र.अ.सँग यसबारे विचार लिँदा निजहरूले वि.नि.लाई विभिन्न वैठकहरूमा बोलाउँदा कार्य व्यस्तताको कारणले गर्दा उपस्थित हुन नसक्ने बताउनु हुन्छ भन्ने विचार दिनु भएको थियो । यसरी विभिन्न वैठकहरूमा वि.नि.को उपस्थित नहुनु, वि नि र सरोकारवालाहरू बीच मानव सम्बन्धको अभाव हुनु हो जसले गर्दा निरीक्षण प्रभावकारी हुन सक्दैन । यो शैक्षिक विकासका लागि समस्यापूर्ण देखिन्छ ।

#### ४.४.१.२ नियमित अनुगमनमा कमी

वि.नि. बाट शिक्षा ऐनमा व्यवस्था भए अनुसार प्रत्येक महिना कम्तीमा एकपटक एउटा विद्यालयको निरीक्षण तथा सुपरिवेक्षण गर्ने गराउने भनिए पनि विनिबाट त्यस्तो नभएकोले निरीक्षण प्रभावकारी हुन सकेको छैन ।

**४.४.१.३ भौगोलिक विकटता**

विद्यालयहरू छरिएर रहेका कारण भौगौलिक असहजता भई वि.नि.हरू निरीक्षणमा जान तथा अनुगमन मूल्यांकन गर्न कठिनाई परेको देखिन्छ ।

**४.४.१.४ अत्याधिक विद्यालयको संख्या**

वि.नि.को पद संख्याको कमी हुनु तथा एउटै वि.नि.ले दुई तीन वटा स्रोतकेन्द्रसम्मका सबै विद्यालयहरूको निरीक्षण गर्नुपर्ने भएकाले भ्याउन असहजता भएको देखिन्छ ।

**४.४.१.५ विनिहरूलाई प्रशासनिक कार्यमा लगाउनु**

वि.नि.हरूलाई जि.शि.का.को विभिन्न फाटको प्रशासनिक काममा लगाउनु तथा विभिन्न कार्यक्रमहरूको फोकल पर्सनको रुपमा राख्नुको कारणले गर्दा उनीहरूबाट उद्‌देश्य पूर्ण निरीक्षण हुन नसकिरहेको देखिन्छ ।

**४.४.१.६ सेवा सुविधामा कमी**

वि.नि.हरूलाई दिइएको सेवा सुविधा फिल्डमा गई काम गर्नु पर्ने भएकाले त्यो अपर्याप्त र अपूर्ण देखिन्छ । दिइएको भत्ताको  अपर्याप्ता, फिल्डमा जाँदा आवश्यक सामग्री जस्तै टर्च लाइट, टेन्ट, यातायातको साधन, विद्युतीय सामग्रीहरू - ल्यापटप, कम्प्युटर, फोटोकपी, प्रिन्टर आदिको व्यवस्था नहुनु समस्या पूर्ण देखिन्छ ।

**४.४.१.७  समस्या समाधानका उपायहरू**

विद्यालय निरीक्षण प्रभावकारी नहुनुका पछाडि विविध समस्याहरू रहेकाले विद्यालय निरीक्षण समय सापेक्ष रूपमा अगाडि बढ्न नसकेको देखिन्छ तसर्थ विद्यालय निरीक्षणलाई प्रभावकारी बनाउन निम्न उपायहरू अपनाउन सकिन्छ -

**४.४.१.७.१ विद्यालय निरीक्षकहरूलाई निरीक्षणको काममा मात्र लगाउने**

वर्तमान अवस्थामा विद्यालय निरीक्षकलाई निरीक्षण बाहेक अन्य कार्यालयको काममा लगाउने गरेकाले विद्यालय निरीक्षकले सन्तोषजनक रूपमा विद्यालय निरीक्षणको काम गर्न नसकेकाले उनीहरूलाई विद्यालय निरीक्षण बाहेक अरू काममा लगाउनु हुँदैन ।

### ४.४.१.७.२ विद्यालयको सङ्ख्यामा कम गर्नु पर्ने

विद्यालय निरीक्षकहरूलाई विद्यालयको सङ्ख्या बढी जिम्मा लगाएको कारणले उनीहरूले सम्पूर्ण विद्यालयमा निरीक्षण गर्न नसकेका छन् । एउटै विद्यालय निरीक्षकलाई २ वा सो भन्दा बढी स्रोतकेन्द्रका समूह विद्यालयहरू हेर्न लगाइन्छ तसर्थ निरीक्षण गर्ने विद्यालयको सङ्ख्या कम गर्नुपर्छ ।

### ४.४.१.७.३ विद्यालय निरीक्षकको सेवा सुविधामा वृद्धि गरिनु पर्ने

एकातिर विद्यालय निरीक्षकहरूलाई फिल्डमा गई विद्यालय निरीक्षण गर्न लगाइन्छ भने अर्कातिर उनीहरूलाई फिल्डमा जाने यातायात साधन हुँदैन । फिल्डमा बस्ने, खाने, ओढ्ने, ओछ्याउनेको व्यवस्था हुँदैन तसर्थ विद्यालय निरीक्षकहरूलाई फिल्ड घुम्ने साधन, फिल्डमा बस्ने र खाने कुराको प्रबन्ध मिलाउनु पर्छ । यसका लागि उनीहरूलाई स्रोतकेन्द्रमा बस्ने र खाने कुराको व्यवस्था गरिनु पर्छ साथै फिल्ड भत्ताको पनि व्यवस्था गरिनु पर्छ ।

### ४.४.१.७.४ तालिमको व्यवस्था गरिनु पर्ने

प्रभावकारी निरीक्षण गर्नका लागि विद्यालय निरीक्षकहरूलाई सेवा प्रवेशका बाहेक अन्य दक्षता वृद्धि हुने खालका तालिमहरू दिई उनीहरूको कार्य दक्षतामा वृद्धि ल्याउनु पर्छ ।

### ४.४.१.७.५ विद्यालय निरीक्षकलाई अधिकार सम्पन्न बनाउनु पर्ने

विद्यालय निरीक्षकहरू निरीक्षणमा जाँदा देखेका समस्याहरू आफैँ समाधान गर्न नसक्ने अवस्था रहेको छ । काम नगर्ने, अनियमित हुने, गयल रहने, शिक्षक आचार संहिता विपरित काम गर्ने जस्ता शिक्षकहरू माथि आवश्यक कार्यवाही गर्ने, सरुवा गर्ने, राम्रो काम गर्नेलाई पुरस्कृत गर्ने जस्ता अधिकार विद्यालय निरीक्षकलाई दिई अधिकार सम्पन्न बनाउनु पर्छ ।

### ४.४.१.७.६ विद्यालय निरीक्षकको सुझावलाई कार्यान्वयन गर्ने

निरीक्षणका क्रममा विद्यालय निरीक्षकले दिएको सुझावलाई जि.शि.का.ले कार्यान्वयन गर्नुपर्छ । विद्यालय निरीक्षक फिल्डमा रही काम गरेकाले फिल्डको तथा विद्यालय शिक्षक, प्र.अ., विद्यार्थी, अभिभावक जस्ता पक्षहरूको अनुभव विद्यालय निरीक्षकसँग रहेकाले निजले दिएको सुझाव सत्य,

तथ्य भएकाले निजको सुझाव कार्यान्वयन भएमा सरोकारवालाहरूको निज माथि विश्वास बढ्ने हुँदा निजको निरीक्षण प्रभावकारी हुँदै जानेछ ।

### ४.४.१.७.७ विद्यालय निरीक्षकको कामको मूल्याङ्कन हुनु पर्ने

विद्यालय निरीक्षकको कामको सही मूल्याङ्कन गरी राम्रो काम गर्नेलाई उचित पुरस्कार दिनुपर्छ । कामकै आधारमा बढुवा तथा विशेष सेवा, सुविधा, जिम्मेवारी दिनुपर्छ । त्यसो भएमा विद्यालय निरीक्षकहरूमा काम गर्ने इच्छाशक्तिको वृद्धि हुन गई निरीक्षण प्रणालीमा गति प्रदान हुनेछ ।

## परिच्छेद पाँच : निष्कर्ष र सुझावहरू

यस खण्डको अध्ययनमा प्रभावकारी शिक्षण सिकाइमा विद्यालय निरीक्षणको वास्तविक अवस्थाको पहिचान, शिक्षण सिकाइमा निरीक्षणको भूमिका, प्रभावकारिता, सरोकारवालाहरूसंग विद्यालय निरीक्षकको सम्बन्ध समन्वय, सहकार्य र त्यसले शिक्षण सिकाइ तथा विद्यालयको शैक्षिक, भौतिक, आर्थिक लगायत सर्वाङ्गिण पक्षमा पारेको प्रभावका बारेमा अध्ययन गरिएको छ । विद्यालय निरीक्षणका समस्याहरू, त्यसका समाधानका उपायहरूको खोजी गर्नका लागि प्र.अ., वि.व्य.स., शिक्षक, विद्यार्थी, अभिभावक, स्रोतव्यक्ति, जि.शि.अ., वि.नि.हरूबाट भराइएको प्रश्नावली, स्थलगत अवलोकन, छलफल, अन्तर्वार्ता र विभिन्न लेख, अभिलेखहरूको अध्ययनबाट प्राप्त तथ्यहरूलाई विश्लेषण गरी निष्कर्ष र सुझावहरू निम्न अनुसार प्रस्तुत गरिएको छ ।

### ५.१ निष्कर्ष

यस शोध अध्ययनले प्राप्त गरेको तथ्य भनेको सामुदायिक विद्यालयहरूको शैक्षिक क्रियाकलापको वर्तमान अवस्था सन्तोषजनक छैन । विद्यार्थी सिकाइ उपलब्धि ज्यादै न्यून रहेको छ । शिक्षकहरूमा पेसागत जिम्मेवारी कम देखिन्छ । विद्यार्थी केन्द्रित शिक्षण विधिको सट्टा शिक्षक केन्द्रित शिक्षण विधिको बढी प्रयोग गरिन्छ । विद्यार्थीलाई कक्षाकार्य, गृहकार्य, परियोजना कार्य कमै दिइन्छ । त्यसैगरी शिक्षकहरूबाट पनि कार्यमूलक अनुसन्धान गरी विद्यार्थी सिकाइ उपलब्धि वृद्धि गर्ने प्रयास पनि कमै भएको देखिन्छ । शिक्षकहरूमा पेसागत जिम्मेवारी, लगनशीलता, कर्तव्यनिष्ठता भन्दा पनि निजी काम र फाइदामा बढी ध्यान गएको देखिन्छ । त्यसैगरी शिक्षक, विद्यार्थी र अभिभावक बीचको अन्तरक्रिया अति कम भएको देखिन्छ । शिक्षकहरूबाट तालिमको उपलब्धिलाई कक्षाकोठामा विद्यार्थी समक्ष प्रभावकारी ढङ्गले पस्केको देखिँदैन । त्यसैगरी शिक्षकहरूको कार्य सम्पादनको मूल्याङ्कन गरी उचित पुरस्कार, प्रोत्साहन दिने प्रथाको पनि कमी देखिन्छ । विद्यालयको शैक्षिक, भौतिक, आर्थिक लगायत सम्पूर्ण पक्षको विकासका लागि जिम्मेवार विद्यालय व्यवस्थापन समितिको पनि विद्यालयको शैक्षिक पक्षको सुधारमा भन्दा पनि भौतिक पक्षको सुधारमा नै बढी ध्यान गएको देखिन्छ । विद्यालयहरूमा न्यून विद्यार्थी भर्ना, बढी कक्षा दोहोर्‍याउने सङ्ख्यामा दिन प्रतिदिन बढ्दै गएको छ । समग्रमा विद्यालयको शैक्षिक क्रियाकलापको अवस्था दयनीय रहेको छ ।

विद्यालयहरूमा विद्यालय निरीक्षणको अभावमा प्रभावकारी शिक्षण सिकाइ हुन सकेको छैन । शिक्षकहरूको शिक्षण समस्याहरूको पहिचान गरी उनीहरूलाई प्रभावकारी शिक्षण गर्न सहजीकरण

गर्नु, नमुना पाठ प्रदर्शन, कक्षा अवलोकन गरी पृष्ठपोषण दिनु, शिक्षक, विद्यार्थी, अभिभावकहरूसंग त्रिपक्षीय सम्बन्ध सुधार तथा विस्तार गर्नु, विद्यालयमा शिक्षक, विद्यार्थी नियमित गराउनु सबै खाले अनियमितता, भ्रष्टचार, अख्तियार दुरुपयोगलाई निरुत्साहित गर्नु, ऐन नियमलाई कार्यान्वयन गर्नु, विभिन्न बैठक, गोष्ठी, भेला, दिवश, छलफलमा सहभागी भई शैक्षिक उन्नयनका लागि उचित कदम चाल्नु, सरोकारवालाहरूलाई उचित मार्ग दर्शन गर्नु, शिक्षकहरूको कार्य दक्षतामा वृद्धि गर्नु यसको लागि तालिमको व्यवस्था गर्नु, प्र.अ., वि.व्य.स. , शिक्ष.अ. संघको व्यवस्थापकीय क्षमतामा विकास गर्नु, शिक्षकहरूको कार्यको मूल्यांकन गर्नु इत्यादि विद्यालय निरीक्षकको प्रमुख कार्य भए पनि यस्ता कार्यहरू विद्यालय निरीक्षकबाट भए गरेको देखिँदैन । विद्यालय निरीक्षकहरू यदाकदा मात्र विद्यालयमा जाने गरेको र त्यसमा पनि प्रशासनीक निरीक्षण मात्र गरेको पाइयो ।

शैक्षिक गुणस्तरमा वृद्धि ल्याउनका लागि शिक्षकहरूको शिक्षण समस्याहरूको पहिचान गरी शिक्षकहरूलाई शिक्षणमा सहयोग गर्न, सहजीकरण गर्न, शिक्षकको दक्षता बढाउन, नियम संगत रूपले विद्यालय सञ्चालन गर्न, शिक्षक, विद्यार्थी, अभिभावक बीच समन्वय र सहकार्य गरी शिक्षाको राम्रो प्रबन्ध मिलाउन सरकारले विद्यालय निरीक्षक दरवन्दीको व्यवस्था गरी विद्यालय निरीक्षकहरूलाई विद्यालयको संख्या तोकि विद्यालय निरीक्षण कार्य जिम्मा लगाएको हुन्छ । शिक्षा नियमावलीमा विद्यालय निरीक्षकले प्रत्येक महिनामा एक पटक विद्यालयको निरीक्षण गर्ने भनिए पनि यस अध्ययनमा त्यसो भएको देखिएन । अध्ययनको क्रममा विद्यालय निरीक्षकले ११ प्रतिशत शिक्षणमा सहजीकरण गरेको र ४७.६ प्रतिशत सामान्य निरीक्षण गरेको तथ्यांक प्राप्त भएको छ । त्यसैगरी शिक्षक विद्यार्थी विच अन्तरक्रिया २७.२ प्रशित गरेको, अभिभावक छलफल अन्तरक्रियामा सहभागी १५.४ प्रतिशत रहेको तथ्यांक पनि देखिएको छ ।

विद्यालय निरीक्षक पदीय हिसाबले विद्यालयको सम्पूर्ण पक्षको अवलोकन गरी सुधारका लागि मार्ग दर्शक हो भने पेशागत जिम्मेवारीको दृष्टिकोणले गुणात्मक तथा प्रभावकारी शिक्षण सिकाइका लागि एउटा शैक्षिक अगुवा, विज्ञ तथा स्रोत परिचालक, व्यवस्थापक हो, असल शिक्षणका लागि सहजकर्ता हो । नीति निर्देशक हो । विद्यालय निरीक्षकको प्रभावकारी निरीक्षणले विद्यालयको सार्वङ्गिण पक्षको विकासमा उद्देश्यमूलक प्रगति हुन जान्छ भने निजको निरीक्षणको अभावमा शैक्षिक गुणस्तर खस्किनुको साथै विद्यालयमा अनियमितता, भ्रष्टाचार, अख्तियार दुरुपयोग, द्वन्द्व, राजनीतिक हस्तक्षेप, हिंसा, यौन दुर्व्यवहार, ढिलासुस्ती इत्यादी कार्यले प्रश्रय पाउँछ । यी उपरोक्त कुराहरूको न्यूनीकरण गर्न तथा अन्त्य गर्न विद्यालय निरीक्षकको नियमित निरीक्षणको आवश्यकता पर्न जान्छ

भने सरोकारवालाहरू संगको सम्बन्ध, समन्वय सहकार्य राम्रो हुन जरुरी हुन्छ जवकी यस शोध अध्ययनबाट विद्यालय निरीक्षकको सहजकर्ता तथा सुपरिवेक्षकको सम्बन्धमा १० प्रतिशत विचार प्राप्त भएको छ, शैक्षिक नेता तथा स्रोत व्यवस्थापकमा १० प्रतिशत विचार प्राप्त भएको छ । त्यसै पारदर्शी व्यवहारमा २५ प्रतिशत विचार प्राप्त भएको छ । यसरी यी विचारहरूको विश्लेषण गर्दा विद्यालय निरीक्षकको पदीय र पेशागत दृष्टिकोणले सरोकारवालाहरूसंगको सम्बन्ध, समन्वय र सहकार्यको भूमिका कमजोर रहेको छ ।

यस शोध अध्ययनमा विद्यालयको व्यवस्थापकीय पक्ष कमजोर भएको, विद्यालयमा गरिने विभिन्न क्रियाकलापहरू भेलाहरू, पठन पाठनको अवस्था, शिक्षक विद्यार्थीको उपस्थिति अवस्था संतोषजनक भएको देखिदैन भने सरोकारवालाहरू संगको वि.नि. को सम्बन्ध, सम्पर्क, समन्वय तथा सहकार्य पनि न्यून रहेको छ । अध्ययनवाट विद्यालय शैक्षिक अवस्था, व्यवस्थापन पक्ष, भौतिक पक्ष, आर्थिक पक्ष व्यवस्थापकीय पक्ष लगायत पक्षहरूको अवस्था संतोषजनक नरहनुको मुख्य कारण विद्यालय निरीक्षकको नियमित तथा प्रभावकारी निरीक्षण र मानव सम्बन्धको अभाव देखिन्छ । विद्यालय निरीक्षण पद्धति कमजोर भएको देखिन्छ । तसर्थ विद्यालय निरीक्षकको नियमित र प्रभावकारी निरीक्षण र मानव सम्बन्धको विकास तथा विस्तार भएमा तथा विद्यालय निरीक्षण पद्धतिमा सुधार भएमा विद्यालयहरूमा प्रभावकारी शिक्षण सिकाइ हुने र विद्यालयको शैक्षिक, भौतिक, आर्थिक लगायत सर्वाङ्गिण विकासमा सहयोग पुग्छ भन्ने निष्कर्षमा अध्ययन पुगेको छ ।

## ५.२ सुझावहरू

उपरोक्त निष्कर्षका आधारमा नीतिगत तह, अभ्यास तह र अनुसन्धान तहका सुझावहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ -

### ५.२.१ नीतिगत तह

प्रभावकारी शिक्षण सिकाइमा विद्यालय निरीक्षणको भूमिकालाई सशक्त बनाउनका लागि नीतिगत तहमा नै सुधार गर्नु पर्ने देखिन्छ । विद्यालयको निरीक्षण गर्नको लागि विद्यालयको निरीक्षकको व्यवस्था गरी कम्तिमा महिनाको एक पटक विद्यालय निरीक्षकले विद्यालय निरीक्षण गर्ने शिक्षा नियमावालीमा उल्लेख भए पनि विद्यालय निरीक्षकहरूलाई जि.शि.का. ले विभिन्न कार्यक्रमहरूको फोकल पर्सन बनाइ थप कामको जिम्मा लगाएको हुन्छ जसले गर्दा निरीक्षणको समयको अभावमा विद्यालय निरीक्षकहरूले विद्यालयको निरीक्षण कार्य गर्न सकेको छैन । तसर्थ : विद्यालय

निरीक्षकहरूलाई कार्यालयको थप काममा नलगाई विसुद्ध विद्यालय निरीक्षण कार्यमा मात्र लगाउनु पर्छ ।

शिक्षा नियमावलीको दफा २५ उपदाफा १ क मा संचालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने काम वि.व्य.स.को कामहरू मध्ये शिक्षा नियमावलीमा पहिलो काम तोकेको भए पनि वि.व्य.स. बाट विद्यालय निरीक्षणको काम अति न्यून रुपमा भएकाले कम्तीमा महिनाको २ पटक वि.व्य.स. बाट विद्यालय निरीक्षणको काम शिक्षा ऐन नियमावलीमा तोकिनु पर्छ ।

शिक्षकहरूसंग परामर्श गरी विद्यालयमा कक्षा संचालन सम्बन्धी कार्यक्रम तयार गर्नेमा कार्यक्रम बमोजिम कक्षा संचालन भए नभएको प्र.अ.ले निरीक्षण गर्ने भनी शिक्षा नियमावलीमा व्यवस्था भए अनुसार प्र.अ.बाट नियमित निरीक्षण नभएकाले शिक्षा नियमावलीमा नै प्र.अ. कम्तीमा हप्ताको एक पटक शिक्षकको कक्षा अवलोकन गरी पृष्ठपोषण दिने व्यवस्था गरिनु पर्छ ।

शिक्षा नियमावलीको दफा २१ उपदफा च मा व्यवस्थापन समितिको कार्यमा समन्वय गर्ने तथा शिक्षाको गुणात्मक विकासका लागि विद्यालयको सुपरिवेक्षण र अनुगमन गरी प्राध्यापक, शिक्षक लगायत व्यवस्थापन समितिलाई आवश्यक सुझाव र सहयोग गा.वि.स.ले गर्ने उल्लेख भए पनि गा.वि.स.बाट त्यस्तो कार्य नभएकाले त्यस्तो कार्य गर्नु गराउनु पर्ने देखिन्छ ।

त्यसैगरी स्रोतव्यक्ति व्यवस्थापन निर्देशिका तयार गरी प्रत्येक स्रोतकेन्द्रमा स्रोतव्यक्तिको व्यवस्था गरी विद्यालय सुपरिवेक्षण तथा निरीक्षणको काम जिम्मा लगाए पनि स्रोतव्यक्तिहरूबाट पनि उद्देश्यमूलक सुपरिवेक्षण तथा निरीक्षण हुन सकेको छैन तसर्थ स्रोतव्यक्तिलाई पनि स्रोतव्यक्ति व्यवस्थापन निर्देशिका बमोजिम साथै प्रभावकारी सुपरिवेक्षणका लागि जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।

विभिन्न व्यक्ति तथा निकायहरूबाट प्रभावकारी निरीक्षण, सुपेरीवेक्षण गराउन निजहरूको निरीक्षण सुपरिवेक्षणको पनि नियमित रुपमा अनुगमन गर्ने व्यवस्था हुनु पर्दछ ।

विद्यालय निरीक्षकहरूको कार्यालय सेवा क्षेत्रमा राखी निजहरूको सेवा सुविधामा वृद्धि गरी निजहरूलाई अधिकार सम्पन्न बनाउनु पर्ने देखिन्छ ।

**५.२.२ अभ्यास तह**

विद्यालय निरीक्षण प्रभावकारी हुन नसक्नुको मुख्य कारण नै विद्यालय निरीक्षकबाट शैक्षिक नीति नियमको उचित कार्यान्वयन नहुनु, शिक्षकको शिक्षण समस्यामा सहजीकरण नहुनु, शिक्षक, विद्यार्थी, वि.व्य.स., शि.अ. संघ, प्र.अ. लगायतका सरोकारवालाहरूसंग राम्रो सम्बन्ध भेटघाट, छलफल, अन्तरक्रिया तथा मानव सम्बन्धमा वृद्धिका लागि विद्यालय निरीक्षकले सक्रिय भूमिका नखेल्नु हो । कुनै पनि संघ संस्थामा जति धेरै मानव सम्बन्धमा वृद्धि हुन्छ त्यति धेरै वृद्धि विकास हुन्छ । विद्यालयमा वि.नि. र सरोकारवालाहरू विचको मानव सम्बन्ध कमजोर भएकै कारणले आज प्रभावकारी शिक्षण हुन नसकेर शिक्षाको गुणस्तर खस्केको छ । त्यसै गरी प्र.अ., वि.व्य.स., शि.अ. संघ लगायतका सरोकारवालाहरूले पनि विद्यार्थी शिक्षक, अभिभावक संघसँग राम्रो सम्बन्ध नराखेको, सक्रियता पूर्वक काम नगरेको, विद्यालयमा सरोकारवालाहरूको सहभागिता जुटाउन नसकेकाले शैक्षिक गुणस्तर घटेको तथा अपेक्षाकृतमा वृद्धि नभएको हो । तसर्थ : विद्यालय निरीक्षक लगायत सम्पूर्ण सरोकारवालाहरूले निरीक्षण प्रणाली र मानव सम्बन्धमा वृद्धि ल्याउने प्रयास गर्नुका साथै आफ्नो पदीय दायित्व निर्वाहमा सक्रियता देखाउनु पर्छ ।

सम्पूर्ण सरोकारवालाहरूको समन्वयमा विशेष कार्यक्रम गर्नुपर्ने देखिन्छ ।

वि.व्य.स., प्र.अ., शि.अ. संघका सदस्यहरूको नेतृत्व विकासका लागि, निरीक्षण पद्धति, मूल्याङ्कन, शैक्षिक व्यवस्थापनसंग सम्बन्धित तालिमको व्यवस्था गर्नु पर्ने देखिन्छ ।

प्रत्येक सरोकारवालाहरूको कार्यको माथिलो तहबाट अनुगमन मूल्याङ्कन र  पृष्ठपोषणको व्यवस्था गरिनुपर्छ ।

वि.नि.बाट नियमित रुपमा शिक्षकलाई शिक्षणमा सहजीकरण, नमुना पाठ प्रदर्शन, विषयगत छलफल, वैठक तालिमको व्यवस्था गरिनुपर्छ ।

निरीक्षण कार्यलाई नियन्त्रणमुखी नबनाई सुधारमुखी बनाउनु पर्छ । यसका लागि शिक्षा विभाग क्षे.शि.नि., जि.शि.का. र स्रोतकेन्द्र एउटै संयन्त्रको रुपमा अगाडि बढ्नुपर्ने देखिन्छ ।

### ५.२.३ अनुसन्धान तह

विद्यालयमा शिक्षक, विद्यार्थी, अभिभावक, प्र.अ., वि.व्य.स., विद्यालय निरीक्षक, स्रोतव्यक्ति लगायतका सरोकारवालाहरूका विचमा आवश्यक छलफल, अन्तरक्रिया, गोष्ठी, बैठक, भेला भएमा मानव सम्बन्धमा वृद्धि भई शिक्षण सिकाइमा प्रभावकारी आउने भएको हुँदा असल मानव सम्बन्ध कायम गर्ने विषयमा थप अध्ययन अनुसन्धान गनुपर्ने देखिन्छ ।

सरोकारवालाहरूको दायित्व अझ प्रष्ट हुन गए सरोकारवालाहरूको इच्छाशक्तिमा वृद्धि भई विद्यालय निरीक्षण प्रभावकारी हुने तथा शैक्षणिक सुधारमा सहयोग पुगी विद्यालयहरूको शैक्षिक उपलब्धिमा उद्देश्यमूलक वृद्धि हुन सक्ने भएकाले सम्पूर्ण सरोकारवालाहरूको साङ्गठनिक विकास र कार्यकुशलतामा वृद्धि ल्याउन प्रभावकारी शिक्षण सिकाइ गर्नका लागि भावी अनुसन्धानकर्ताले थप अनुसन्धान गर्नुपर्ने देखिन्छ ।

## सन्दर्भ सामग्री


अगुइलर, इलेना (२०६७), *राम्रो तयारीनै मुख्य कुरा, शिक्षक मासिक,* बर्ष ३ पुर्णाङ्क ३०, असोज २०६७, जावलाखेल ललितपुर : ज्ञान विज्ञान सहकारी संस्था लिमिटेड ।

अवस्थी, लवदेव (२०६६), *एस. एस. आर.का चुनौती र अपेक्षा, शिक्षक मासिक,* बर्ष २ पूर्णाङ्क १९, कार्तिक २०६६, पाटनढोका ललितपुर : हिमाल एसोसिएसन ।

*उच्च राष्ट्रिय शिक्षा आयोग प्रतिवेदन (२०५५),* काठमाडौं ।

काफ्ले, वासुदेव र पौडेल, गिरिराज (२०६४), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठमाडौ : जुपिटर पब्लिशर्स एन्ड डिष्टिब्युटर्स प्रा.लि. ।

कुँवर, गौरी कुमारी (२०६७), *थारु वाल वालिकाको विद्यालय सहभागीतामा अभिभावक सहयोगको भूमिका,* अप्रकाशित एम.एड शोधपत्र धनगढी, सुदूर पश्चिमाञ्चल क्याम्पस ।

कोइराला, विद्यानाथ (२०६६), *विद्यालय सुधार योजना, शिक्षक मासिक,* बर्ष २, पुर्णाङ्क १९, कार्तिक २०६६, पाटनढोका ललितपुर : हिमाल एसोसिएसन ।

खतिवडा, अर्जुन (२०५७), *विद्यालय तहमा वर्तमान सुपरिवेक्षण व्यवस्थाको विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : शिक्षाशास्त्र केन्द्रिय विभाग ।

*ग्रामिण विकासको लागि सेती परियोजना २०३८/०३९ ।*

गुरूङ, दल बहादुर (२०६७), *जौ दिनेका जुँगा नउखेला !, शिक्षक मासिक,* बर्ष ३ पुर्णाङ्क ३०, असोज २०६७, जावलाखेल ललितपुर : ज्ञान विज्ञान सहकारी संस्था लिमिटेड ।

चन्द, कृष्ण बहादुर (२०६८), *विद्यालयको शैक्षिक व्यवस्थापनमा स्रोतव्यक्ति,* अप्रकाशित स्नातकोत्तर.शोधपत्र, धनगढी : सुदूर पश्चिमाञ्चल क्याम्पस ।

चापागाईं, हेमनारायण (२०५९), *विद्यालय निरीक्षण समस्या र समाधान,* काठमाडौँ : अन्तराष्ट्रिय शैक्षिक मञ्च, वर्ष १ अङ्क ३ ।

नेपाल, प्रदिप (२०६५), *सरकारी विद्यालय अभिभावकाले नै सुधार्न सक्छन्* , शिक्षक मासिक, पाटनढोका, ललितपुर : हिमाल एसोसिएसन ।

*नेपाल राष्ट्रिय शिक्षा योजना आयोग (२०११),* काठमाडौं ।

पन्त, केदार दत्त (२०६७), *सामुदायिक विद्यालयको भौतिक व्यवस्थापनमा प्रधानाध्यापकको भूमिका,* धनगढी, अप्रकाशित एम.एड.शोधपत्र, सुदूर पश्चिममाञ्चल क्याम्पस ।

पोखेल, टीकाराम (२०६६), *'यसरी बढाउन सकिन्छ सृजनाशीलता', शिक्षक मासिक,* बर्ष २, पूर्णाङ्क १९, कार्तिक २०६६, पाटनढोका ललितपुर : हिमाल एसोसिएसन ।

बराल, राजकुमार (२०६६), *असल शिक्षण : दश पूर्वशर्त, शिक्षक मासिक,* बर्ष २, पूर्णाङ्क १९, कार्तिक २०६६, पाटनढोका ललितपुर : हिमाल एसोसिएसन ।

*राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८-२०३२),* रा.शि.प.यो.आ.को सचिवालय काठमाडौं ।

*राष्ट्रिय शिक्षा आयोग प्रतिवेदन (२०४९),* काठमाडौं ।

लामिछाने,मेदिन (२०६९), *उच्च सिकाइ उपलब्धि कसरी हासिल गर्ने, शिक्षक मासिक,* जावलाखेल, ललितपुर : ज्ञान विज्ञान सहकारी संस्था लिमिटेड ।

वाग्ले, मन प्रसाद (२०६६), *शिक्षक विकास किन र कसरी ? शिक्षक मासिक,* पाटनढोका, ललितपुर : हिमाल एसोसिएसन ।

*विद्यालय निरीक्षकको भूमिका* अनुसन्धानमूलक शोध, चिराग (१९९६), माध्यमिक शिक्षा परियोजना, सानोठिमी भक्तपुर ।

*विद्यालय क्षेत्र सुधार कार्यक्रम (२०६७),* केशरमहल काठमाडौं : नेपाल सरकार शिक्षा मन्त्रालय ।

विष्ट, मिन बहादुर (२०५६), *नेपालमा विद्यालय सुपरिवेक्षणका समस्या,* शैक्षिक उन्नयन, वर्ष १ ।

शर्मा, महेश्वर (२०५६), *विद्यालयहरूमा शिक्षण सिकाइको सुधारमा लागि निरीक्षको भूमिका एक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौं : त्रि.वि.वि.महेन्द्र रत्न राज्य क्याम्पस ।

*शिक्षा, ऐन (२०२८), शिक्षा नियमवाली (२०५९) छैठौं संशोधन समेत, शिक्षक सेवा आयोग नियमावली (२०५७) सातौ संशोधन समेत, उच्च माध्यमिक शिक्षा ऐन २०४६, उच्च माध्यमिक शिक्षा नियमावली (२०५२), शिक्षा सेवा कर निर्देशिका (२०६५),* बबरमहल काठमाडौं : ज्ञानभण्डार प्रकाशन ।

*सर्वाङ्गिण राष्ट्रिय शिक्षा आयोग (२०१८),* काठमाडौं ।

## प्रभावकारी शिक्षण सिकाइमा विद्यालय निरीक्षण

## अनुसूची - १

## जिल्ला शिक्षा अधिकारीका लागि प्रश्नावली

नाम : जिल्ला :

१. तपाईको जिल्लामा कति जना विद्यालय निरीक्षकको दरवन्दी छ ?

दरवन्दी संख्या ( ) कार्यरत संख्या ( )

२. विद्यालय निरीक्षकले तोकिएको काम गर्छ, गर्दैन ?

३. यदि गर्दैन भने त्यसको कारण के के होलान् ?

क) ख)

ग) घ)

४. लक्ष्य अनुसार निरीक्षण हुन सकेको छ, छैन ?

५. लक्ष्य अनुसारको निरीक्षण नहुनुका कारण के होला ?

क) वि.नि.हरूलाई प्रशासनिक कार्यमा लगाउनु

ख) वि.नि. हरूलाई तालिमको अभाव

६. एक जना निरीक्षकले कति वटा विद्यालय निरीक्षण गर्नुपर्छ ?

७. एक जना वि.नि.ले मासिक रुपमा कति पटक एउटा विद्यालयको निरीक्षण गर्नु पर्दछ ?

८. स्रोतव्यक्तिको कामको अनुगमन गरी प्रतिवेदन पेश गर्ने गरेको छ छैन ?

९.वर्तमान निरीक्षण प्रणालीमा देखापरेका समस्याहरू के के होलान् ?

१०. वर्तमान निरीक्षण प्रणलीमा सुधार गर्नुपर्छ कि पर्दैन ?

११ं पर्छ भने कुन-कुन पक्षमा ।

क. ग.

ख. घ.

१२. सुधार गर्नु पर्ने कारणहरू दिनुहोस् ।

१३. विद्यालय निरीक्षण प्रणालीलाई प्रभावकारी बनाउन थप सुझाव दिनुहोस् ।

## प्रभावकारी शिक्षण सिकाइमा विद्यालय निरीक्षण

## अनुसूची - २

## विद्यालय निरीक्षकका लागि प्रश्नावली

नाम :                                        जिल्ला :

१. तपाईले निरीक्षणका लागि तोकिएका विद्यालयहरूको बर्षमा कतिपटक निरीक्षण गर्नुहुन्छ ?

२. विद्यालय निरीक्षण गर्दा कक्षा अवोकन गरी पृष्ठपोषण दिनु हुन्छ वा हुन्न ?

३. कक्षा अवलोकन गर्दा कसरी गर्नु हुन्छ ।

क) शिक्षकको माग अनुसार     ख) आफ्नै मनले

ग) अफठ्यारा विषयको मात्र     घ) कक्षा अवोकन गरिदैन

४. विद्यालय निरीक्षण गर्दा कुन साधनको प्रयोग गर्नु हुन्छ ?

क) विद्यालय समष्टिगत निरीक्षण फाराम ।

ख) कक्षा अवलोकन फाराम

ग) कुनै फारम तथा साधनको प्रयोग गर्दिन ।

५. प्रभावकारी शिक्षण सिकाइमा विद्यालय निरीक्षणलाई कसरी लिनु भएको छ ?

क) प्रमुख साधनको रुपमा

ख) सुझाव साधनको रुपमा

ग) शिक्षाको औपचारिक कार्यक्रमको रुपमा ।

६. प्रभावकारी शिक्षण सिकाइका लागि तपाईंको निरीक्षण कार्यबाट कतिको संतुष्ट हुनुहुन्छ र किन ?

७. कुनै योजना अनुसार निरीक्षण गर्नु हुन्छ ? कुन बाट ?

८. निरीक्षण प्रणालीमा के के समस्या देख्नुहुन्छ ?

९. प्रभावकारी निरीक्षणका लागि के कस्ता उपायहरू अपनाउनु पर्ने महसुस गर्नुहुन्छ ?

## प्रभावकारी शिक्षण सिकाइमा विद्यालय निरीक्षण

## अनुसूची - ३

## स्रोतव्यक्तिका लागि प्रश्नावली

नाम : स्रोतकेन्द्र/जिल्ला :

१. तपाईको विचारमा विद्यालय निरीक्षण प्रभावकारी शिक्षण सिकाइमा कस्तो महत्व राख्दछ ।

क) अनिवार्य तत्वको रुपमा

ख) शिक्षकलाई डराउने तत्वको रुपमा

ग) प्र.अ., वि.व्य.स.लाई सल्लाह दिने रुपमा

घ) शिक्षकलाई सहजीकरण गर्ने तत्वको रुपमा

२. विद्यालय निरीक्षकले वर्षमा कति पटक एउटा विद्यालयको निरीक्षण गरेको पाउनु हुन्छ ?

क) एक पटक ख) दुई पटक ग) तीन पटक घ) एक पटक पनि नभएको ।

३. शिक्षकहरूको पेसागत दक्षता वृद्धिमा विद्यालय निरीक्षणको भूमिका कस्तो देख्नुहुन्छ ?

४. विद्यालय निरीक्षणबाट कक्षा अवलोकन र पृष्ठपोषण दिने गरेको कतिको पाउनु भएको छ ?

५. विद्यालय निरीक्षकको सुझावको कार्यान्वयन कतिको भएको पाउनु हुन्छ ।

क) सत प्रतिशत ख) ७५ प्रतिशत ग) २५ प्रतिशत घ) अलकति पनि नभएको

६. विद्यालय निरीक्षणलाई शिक्षकले कसरी लिने गर्दछन् ?

क) कमजोरी देखाउने कार्यको रुपमा ख) कार्यवाहीको रुपमा

ग) सहयोगको रुपमा घ) सामान्य रुपमा

७. विद्यालय निरीक्षणबाट तपाई कति संतुष्ट हुनु हुन्छ र किन ?

८. प्रभावकारी निरीक्षण नहुनुका कारणहरू के के देख्नु हुन्छ ?

९. प्रभावकारी निरीक्षणका लागि के कस्ता कदमहरू चाल्नु पर्ला ?

१०. तपाईको पेशागत कार्यमा विद्यालय निरीक्षकले कसरी सहयोग पुऱ्याएको छ ?

**प्रभावकारी शिक्षण सिकाइमा विद्यालय निरीक्षण**

**अनुसूची - ४**

**प्रधानाध्यापकका लागि प्रश्नावली**

नाम :                                                विद्यालय :

१. तपाई प्र.अ. भएको कति वर्ष भयो ?

२. तपाई को विद्यालयमा विद्यालय निरीक्षक बर्षमा कति पटक आउनु हुन्छ ?

क) १ पटक   ख) २ पटक   ग) ३ पटक   घ) एक पटक पनि छैन ।

३. विद्यालय निरीक्षक वाट कक्षा अवलोकन , नमुना पाठ प्रदर्शन र पृष्ठपोषण दिने कार्य भएको छ छैन ?

४. भएको छ भने त्यसको प्रभाव कस्तो रहेको छ ?

क) सकारात्मक  ख) नकारात्मक   ग) मिश्रित

५. विद्यालय निरीक्षकको सुझावको कार्यान्वयन कति भएको छ ?

क) १०० प्रतिशत  ख) ७५ प्रतिशत  ग) ५० प्रतिशत  घ) २५ प्रतिशत भन्दा कम

६. विद्यालय निरीक्षणबाट शिक्षण सिकाईमा कस्तो प्रभाव पारेको पाउनु हुन्छ ।

क) राम्रो  ख) ठीक ठीकै  ग) सन्तोषजनक   घ) प्रभावकारी

७. विद्यालय निरीक्षणले विद्यालयको व्यवस्थापकीय क्षमता विकासमा कस्तो भूमिका खेल्छ ?

क) उल्लेखनीय   ख) सकारात्मक   ग) सामान्य   घ) नकारात्मक

८. विद्यालय निरीक्षणलाई तपाईं कसरी लिनुहुन्छ ? यो कति आवश्यक छ ?

९. विद्यालय निरीक्षणका समस्याहरू के के होलान् ?

१०. विद्यालय निरीक्षणप्रति सरोकार वालाहरूको धारणा कस्तो छ ?

क) धेरै राम्रो   ख) सामान्य   ग) सकारात्मक   घ) नकारात्मक

## प्रभावकारी शिक्षण सिकाइमा विद्यालय निरीक्षण

## अनुसूची - ५

### विद्यालय व्यवस्थापन समितिका अध्यक्षका लागि प्रश्नावली

नाम : विद्यालय :

तलका प्रश्नहरूमा जवाफ दिनेमा जवाफ दिनु हुन वहुवैकल्पिकमा एउटा विकल्पमा (√) चिन्ह लगाइ दिन हुन तथा थप राय सुझाव भए बुँदागत रुपमा दिन हुन अनुरोध छ ।

१.तपाई वि.व्य.स. अध्यक्ष भएको कति बर्ष भयो ?

२. तपाइको विद्यालय निरीक्षकसंग कति पटक भेटघाट भएको छ ?

क) १ पटक ख) २ पटक ग) धेरै पटक घ) भएको छैन ।

३. विद्यालय निरीक्षकलाई के को रुपमा मान्नु हुन्छ ?

क) शैक्षिक उन्नयन कर्ताका रुपमा ।

ख) प्रशासकका रुपमा ।

ग) प्राविधिकका रुपमा

घ) शैक्षिक सल्लाहकारका रुपमा

४. विद्यालय निरीक्षकले विद्यालय व्यवस्थापन कार्यमा कतिको सहयोग गरेको छ ?

क) निकै ख) सकारात्मक ग) ठीक ठीकै घ) सामान्य

५. विद्यालय निरीक्षणबाट शिक्षण सिकाइमा कस्तो प्रभाव पर्दछ ?

क) सकारात्मक ख) नकारात्मक ग) दुवै घ) प्रभावकारी

६. तपाईको विद्यालयमा विद्यालय निरीक्षणको सुभाव कतिको कार्यान्वयन हुन्छ ?

क) सतप्रतिशत ख) ७५ प्रतिशत ग) ५० प्रतिशत घ) ५० प्रतिशत भन्दा कम

७. विद्यालय निरीक्षणबाट कक्षा कोठाको पढाइमा कस्तो परिवर्तन भएको पाउनु भएको छ ?

क) उद्देश्यमूलक ख) सामान्य ग) निकै घ) नकारात्मक

८. कस्तो निरीक्षण भएमा शिक्षण सिकाइ प्रभावकारी हुन्छ ?

९. प्रभावकारी निरीक्षणका लागि वि.व्य.स.ले के सहयोग गर्नुपर्छ होला ?

## प्रभावकारी शिक्षण सिकाइमा विद्यालय निरीक्षण

## अनुसूची - ६

## शिक्षकको लागि प्रश्नावली

नाम : विद्यालय :

तलका प्रश्नहरूमा जवाफ दिनेमा जवाफ दिनु हुन वहुवैकल्पिकमा एउटा विकल्पमा (√) चिन्ह लगाइ दिन हुन तथा थप राय सुझाव भए बुँदागत रुपमा दिन हुन अनुरोध छ ।

१. तपाई शिक्षक भएको कति बर्ष भयो ?

२. शिक्षण पेशा लाई कसरी लिनु भएको छ ?

३. प्रभावकारी शिक्षण सिकाइको लागि विद्यालय निरीक्षकलाई कसरी लिनु भएको छ ।

क) अनिवार्य कार्य ख) दोष देखाउने कार्य ग) डराउने कार्य घ) नियमित

४. विद्यालय निरीक्षकबाट कक्षा अवलोकन हुने गरेको छ ?

५. छ भने त्यसबाट तपाईको पेशागत दक्षतामा कस्तो प्रभाव परेको महसुस गर्नु भएको छ ?

क) उल्लेखनीय ख) सकारात्मक ग) सामान्य घ) नकारात्मक

६. विद्यालय निरीक्षकलाई के ठान्नु हुन्छ ?

क) प्रशासक ख) दण्डकर्ता ग) सुझावकर्ता घ) असल सहयोगी मित्र

७. निरीक्षण प्रणाली प्रभावकारी नहुनुको कारण के हो ?

क) निरीक्षकले दोषमात्र देखाउने गरेको सहयोग नगरेकोले

ख) नियमित निरीक्षण नभएको

ग) निरीक्षकले शिक्षकको समस्यामा सहजीकरण नगरेकोले

घ) निरीक्षण नाम मात्रको र प्रशासनिक भएकाले

८. निरीक्षण प्रणाली प्रभावकारी बनाउने उपायहरू के के होलान् ?

९. निरीक्षण र शिक्षकको पेसागत विकास विचको सम्बन्ध कस्तो छ ?

क) निरन्तर शिक्षकलाई सहजीकरण हुने ख) शिक्षकको पेसागत समस्याको पहिचान हुने

ग) शिक्षकको पेसागत समस्याको समाधान हुने घ) शिक्षकको पेसागत दक्षतामा वृद्धि हुने

## प्रभावकारी शिक्षण सिकाइमा विद्यालय निरीक्षण

### अनुसूची - ७

### विद्यार्थीका लागि प्रश्नावली

नाम : विद्यालय :

तलका प्रश्नहरूमा जवाफ दिनेमा जवाफ दिनु हुन वहुवैकल्पिकमा एउटा विकल्पमा (√) चिन्ह लगाइ दिन हुन तथा थप राय सुझाव भए बुँदागत रुपमा दिन हुन अनुरोध छ ।

१. विद्यालय निरीक्षक भन्नाले के बुझ्नु हुन्छ ?

२. तपाईको विद्यालय निरीक्षकसंग कति पटक सम्पर्क भएको छ ?

क) १ पटक ख) २ पटक ख) धेरै पटक घ) छैन

३. विद्यालय निरीक्षणले शिक्षण सिकाइमा तपाईलाई कस्तो सहयोग पुगेको छ ?

क) कठीन विषय वस्तुको जानकारी

ख) आफ्ना समस्या राख्न पाएको ।

ग) शिक्षकलाई दिएको पृष्ठपोषणबाट प्रभावकारी शिक्षण भएको आवश्यक निर्देशन पाएको ।

४. विद्यालय निरीक्षणको अवस्था कस्तो छ ।

क) राम्रो ख) संतोषजनक ग) सामान्य घ) नराम्रो

५. प्रभावकारी निरीक्षणका लागि विद्यार्थीको भूमिका कस्तो हुनुपर्दछ ?

क) जिज्ञासुको ख) श्रोताको ग) मिहनेतीको घ) आज्ञाकारीको

६. विद्यालय निरीक्षणले कुन-कुन पक्षमा प्रभाव पार्दछ ?

क) भौतिक ख) शैक्षिक ग) आर्थिक घ) सबैमा

७. विद्यालय निरीक्षक कस्तो हुनुपर्छ ?

क) सहयोगी ख) साथी ग) अभिभावक घ) सहजकर्ता

८. के भएमा निरीक्षण प्रभावकारी हुन्छ ?

९. निरीक्षणका समस्याहरू के के होला ?

क) निरीक्षण नियमित नहुनु ख) निरीक्षक जवाफदेही नुहुनु

ग) निरीक्षण शैक्षिक नभई प्रशासनिक हुनु

घ) निरीक्षणले कक्षाकोठा शिक्षणमा प्रभावकारीता ल्याउन नसक्नु ।

## प्रभावकारी शिक्षण सिकाइमा विद्यालय निरीक्षण

## अनुसूची - ८

## अभिभावकका लागि प्रश्नावली

नाम : विद्यालय :

तलका प्रश्नहरूमा जवाफ दिनेमा जवाफ दिनु हुन वहुवैकल्पिकमा एउटा विकल्पमा (√) चिन्ह लगाइ दिन हुन तथा थप राय सुझाव भए बुँदागत रुपमा दिन हुन अनुरोध छ।

१. तपाई विद्यालयमा बर्षमा कति पटक जानुहुन्छ ?

क) १ ख) ३ ग) ४ घ) धेरै पटक

२. विद्यालयमा गएर तपाई के हेर्नु हुन्छ ?

क) पढाई ख) विद्यार्थी बसाई ग) निर्माण कार्य घ) सबै कुरा

३. तपाईलाई विद्यालय जाँदा कस्तो लाग्छ ?

क) खुशी ख) दु:ख ग) निरास घ) आशा

४. विद्यालय निरीक्षण भन्नाले के बुझिन्छ ?

क) विद्यालयको चेक गर्ने ख) शैक्षिक उन्नयनमा सहयोग गर्ने

ग) पढाई चेक गर्ने शिक्षक, विद्यार्थी तथा विद्यालयसँग सरोकार राख्नेहरूको समस्यामा सहजीकरण गर्ने घ) नियमको पालन गराउने।

५. तपाईको विद्यालय निरीक्षकसंग कति पटक भेटघाट भएको छ ?

क) १ ख) २ ग) छैन घ) धेरै पटक

६. विद्यालय निरीक्षण किन आवश्यक छ ?

क) शैक्षिक विकासका लागि

ख) शिक्षकलाई नियमित पार्न

ग) भौतिक विकास गर्न

घ) विभिन्न वैठक संचालन गर्न

७. अभिभावक र वि.व्य.स. विच कस्तो सम्बन्ध रहेको छ ?